# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक १४८ | काठमाडौं | सोमबार, १ असोज २०८० | Prabhab National Daily | Monday, September 18, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७/९७६१८१५४०००/ ९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


## सरकारको नेतृत्वबारे कांग्रेस नेताहरूको भविष्यवाणी

### केही दिनमै फेरिने गगनको दाबी, पाँच वर्ष निरन्तर जाने अरूको



अहिलेको गठबन्धनको सरकार पाँच वर्ष चल्छ । यसमा कुनै द्विविधा नराखे हुन्छ ।
**विमलेन्द्र निधि**



अब केही दिनपछि, केही हप्तापछि, नभए महिनापछि संघको प्रधानमन्त्री कांग्रेसकै हो ।
**गगन थापा**



मेरो दृष्टिकोणले पुष्पकमल दाहाल नेतृत्वको सरकार पाँच वर्षसम्म जान सक्छ ।
**डा. शशांक कोइराला**



मलाई लाग्दैन अहिले नै सरकारको नेतृत्व फेरिन्छ भनेर ।
**डा. शेखर कोइराला**

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल यतिबेला अमेरिकाको न्युयोर्कमा पुगेका छन् । संयुक्त राष्ट्रसंघको ७८औं महासभामा भाग लिन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री दाहाल आइतबार न्युयोर्क पुगेका हुन् ।

प्रधानमन्त्री अमेरिका पुग्दा कार्यवाहक प्रधानमन्त्रीको जिम्मेवारी कांग्रेस उपसभापति पूर्णबहादुर खड्काले सम्हालिरहेका छन् । कांग्रेस गठबन्धन सरकारको प्रमुख घटक हो । अमेरिका हुँदै दाहालको टोली चीन जाने कार्यक्रम रहेको छ । तर उनी अमेरिका पुग्दै गर्दा नेपालमा भने सरकारको नेतृत्व परिवर्तनबारे चर्चा चलेको छ ।

माओवादी केन्द्रका अध्यक्ष दाहाल नेतृत्वको सरकार गत पुस ११ गते बनेको थियो । सरकार बन्ने बेलादेखि नै संकटबाट सुरु भएको दाहाल नेतृत्वमाथि बेलाबेला अविश्वासको वातावरण सिर्जना हुँदै आएको छ । एमालेको समर्थनमा प्रधानमन्त्री बनेका दाहालले अप्ठेरो परिस्थितिको सामना गर्नुपरेपछि फागुनमा एमाले छाडेर कांग्रेस, जनता समाजवादी पार्टीलगायतको साथ लिए ।

यो गठबन्धनमा पनि बेलाबेला दाहाललाई सकस परिरहेको छ । त्यसैले आफूलाई सत्तामा टिकाइरहन समाजवादी मोर्चा नामक अस्त्र बनाएका छन् । एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र नेत्रविक्रम चन्दको पार्टीलाई समेत अटाएर कांग्रेसलाई घुर्क्याउने काम दाहालले साउनबाटै थालेका हुन् । तर बेलाबेला कांग्रेसले एमालेसँग मिलेर नयाँ सरकार बनाउने चर्चा केही समय सेलाएपछि फेरि चल्न सुरु गरिहाल्छ ।

यस विषयमा कांग्रेसका नेताहरूले सार्वजनिक रूपमा टिप्पणी गर्न थालेका छन् । आइतबारमात्र नेपाली कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिले यो विषय हल्लामात्र भएको दाबी गरे । जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा निधिले भने, 'अहिलेको गठबन्धन सरकार पाँच वर्ष चल्छ । यसमा कुनै द्विविधा नराखे हुन्छ । पूर्वसहमतिअनुसार नै सरकारको नेतृत्व परिवर्तन हुनसक्छ ।'

वर्तमान गठबन्धनमा हेरफेरको कुनै सम्भावना नरहेको उनको जोड थियो । राजनीतिक स्थायित्वका लागि पनि अहिलेको सरकार पाँच वर्ष चल्नुपर्ने निधिको भनाइ थियो । राजनीतिक प्रक्रियामा दलहरू जुट्नु, फुट्नु, मोर्चा बनाउनुलगायत कुरा सामान्य भएको उनको भनाइ थियो ।

पछिल्लोपटक कांग्रेस महामन्त्री गगन थापाले पनि सरकारको नेतृत्व चाँडै परिवर्तन हुने दाबी गरेका थिए । गत बुधबार पोखरामा पार्टीको महानगर सम्मेलनमा उनले केही समयमै कांग्रेसको नेतृत्वमा सरकार बन्ने दाबी गरेका हुन् । २०८४ सालको निर्वाचनलाई लिएर कांग्रेसका नेता कार्यकर्ता चिन्तित नहुन आग्रह गर्दै गगनले भनेका थिए, 'अब केही दिनपछि, हप्तापछि, नभए महिनापछि संघको प्रधानमन्त्री कांग्रेस, सबै प्रदेशको (**बाँकी पृष्ठ ३ मा**)

## ६१ किलो सुन प्रकरण

# २९ जनाविरुद्ध मुद्दा दायर, ३६२ किलो सुन बराबरको बिगो दाबी



- नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले भदौ २७ गते ५० जनालाई प्रतिवादी बनाउन रायसहित प्रतिवेदन बुझाएको थियो
- अनुसन्धानका क्रममा अहिलेसम्म गिरोहले विभिन्न सातवटा कम्पनीबाट ३६२ किलोभन्दा बढी सुन तस्करी गरेको खुलेको दाबी
- मुद्दामा तीन अर्ब ५० करोड ३० लाख ९१ हजार बिगो दाबी

■ **जेबी योञ्जन**

**काठमाडौं–** सय किलो भनिए पनि गालेर जोख्दा ६० किलो ७१६ ग्राममात्र भएको सुन तस्करी प्रकरणमा २९ जनाविरुद्ध मुद्दा दायर भएको छ । आइतबार जिल्ला सरकारी वकिलको कार्यालयले २९ जनाविरुद्ध जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर गरेको हो ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले भदौ २७ गते ५० जनालाई प्रतिवादी बनाउन रायसहित प्रतिवेदन बुझाएको थियो । सोही प्रतिवेदनअनुसार मुद्दा दायर गरिएको जिल्ला अदालत काठमाडौंका श्रेस्तेदार कौशलेश्वर ज्ञवालीले जानकारी दिए ।

अभियोगपत्रमा २९ जनालाई प्रतिवादी बनाउन माग गरिएको छ । मुद्दामा तीन अर्ब ५० करोड ३० लाख ९१ हजार रूपैयाँ बिगो दाबी गरिएको छ । सिआइबीले उनीहरूमाथि विभिन्न सातवटा कसूर लगाउन सिफारिस गरेको थियो । उक्त प्रकरणका आरोपीमाथि हालसम्म भन्सार ऐन, संगठित अपराध, नेपाल राष्ट्र बैंक ऐन, अपराधसंहिता, नेपाल नागरिकता ऐन, राहदानी ऐन र अध्यागमन ऐनअनुसार कारबाहीका लागि सिफारिस गर्ने गरी अनुसन्धान प्रतिवेदन तयार पारिएको सिआइबी प्रमुख तथा प्रहरी अतिरिक्त महानिरीक्षक किरण बज्राचार्यले पत्रकार सम्मेलनमार्फत बताएकी थिइन् ।

अनुसन्धानका क्रममा अहिलेसम्म गिरोहले विभिन्न सातवटा कम्पनीबाट ३६२ किलो (३०२ र ६० किलो) भन्दा बढी सुन तस्करी गरेको खुलेको दाबी सिआइबीको छ । सोही मूल्य बराबरको सुन तस्करी भएकाले सो रकमलाई बिगो कायम गरी मुद्दा अघि बढाउन पनि राय दिइएको थियो सिआइबीले । उक्त घटनामा आइतबारसम्म ३२ जना पक्राउ परेका छन् । त्यसमध्ये १८ जना फरार छन् ।

राजस्व अनुसन्धान विभागले साउन २ गते साँझ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बाहिरिएको अवस्थामा सुन बरामद गरेको थियो । विभागले आवश्यक अनुसन्धान सकेर १८ दिनपछि सुन प्रकरणको अनुसन्धानको जिम्मा सिआइबीलाई दिएको थियो । ब्रेक सुसहितको सुन १५५ किलो भएको पाइए पनि गाल्दा ६० किलो ७१६ ग्राम पुगेको थियो । उक्त सुन अहिले नेपाल राष्ट्र बैंकको संरक्षणमा रहेको छ ।

### चीन, भारत र बेल्जियमका नागरिक पनि प्रतिवादी

सरकारी वकिल कार्यालय यो प्रकरणमा २९ जनालाई प्रतिवादी किटान गरेको छ । प्रतिवादीमध्ये तीन जना फरार रहेका छन् । जसमध्ये ठमेलमा रहेको होटेल भियनाकी सञ्चालक अमला रोका, बाराको कलैयाका भोला साह सोनार र बर्दियाका जीवन चलाउने छन् । अमला सुन प्रकरणमा पक्राउ परेका बेल्जियम नागरिक दावा छिरिङकी श्रीमती हुन् ।


हङकङ हुँदै भित्रिएको सुन प्रकरणमा छ जना प्रतिवादी चिनियाँ नागरिक छन् । एलेक्स भन्ने याओ पुचेङ, रोजर वा स्टेप्स भन्ने लि नेङकाइ, साउतेन भन्ने डिङ सेङ फा, लिन चछ्चाङ, होटल भियाना बस्ने याङ वेन र एममी सियन प्रतिवादी रहेका छन् । त्यसैगरी ताइवान स्थायी ठेगाना भएका अली भन्ने लि वेन सुङ, भारत स्थायी ठेगाना भई हाल काठमाडौं बस्ने ५३ वर्षीय टासी भन्ने थुप्तिन छिरिङ, बेल्जियम स्थायी ठेगाना भई कामनपा २६ कपुरधारामा बस्ने ४० वर्षीय दावा छिरिङ रहेका छन् ।

प्रतिवादी बनाइएका नेपालीमा भोजपुर अरुण गाउँपालिका वडा नम्बर ४ चरम्बीगाउँका ४९ वर्षीय हर्कराज राई, भोजपुरका ५५ वर्षीय कृष्णकुमार श्रेष्ठ, डडेलधुरा अजयमेरु गाउँपालिकाका ४९ (**बाँकी पृष्ठ ३ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

## पहिलो महिनामै भित्रियो सवा खर्बभन्दा बढी रेमिट्यान्स

- साउनमा रेमिट्यान्स आप्रवाह २५.८ प्रतिशतले बढ्यो
- वैदेशिक रोजगारीमा जाने श्रमिकको संख्यामा गिरावट




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** चालु आर्थिक वर्षको पहिलो महिना अर्थात् साउनमा एक खर्ब १६ अर्ब दुई करोड रूपैयाँ रेमिटचान्स (विप्रेषण) भित्रिएको छ । नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार रेमिटचान्सबापत ठूलो रकम भित्रिएको पाइएको हो ।

साउनमा रेमिटचान्स आप्रवाह २५.८ प्रतिशतले वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ । अघिल्लो वर्षको सोही अवधिमा रेमिटचान्स २०.३ प्रतिशतले बढेको थियो । चालु आवमा अमेरिकी डलरमा रेमिटचान्स २१.५ प्रतिशतले वृद्धि भई ८७ करोड ९८ लाख रूपैयाँ पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १२.५ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या १२.१ प्रतिशतले कमी आई ३९ हजार १५२ कायम भएको जनाइएको छ । त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुन: श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा १९.५ प्रतिशतले कमी आई १६ हजार ४२३ कायम भएको पनि उल्लेख गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ७५.४ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा खुद ट्रान्सफर २६.१ प्रतिशतले वृद्धि भई एक खर्ब २८ अर्ब २१ करोड रूपैयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर १८.४ प्रतिशतले बढेको उल्लेख छ ।

यसरी राष्ट्र बैंकको प्रतिवेदन अनुसार साउन महिनामा गत आर्थिक वर्ष २०७९/८० को तुलनामा मुलुकमा भित्रिने रेमिटचान्स बढे पनि रोजगारीका लागि विदेशिने नेपाली संख्यामा कमी आएको देखिएको छ । यद्यपि, रेमिटचान्स बढ्नुमा गत आर्थिक वर्ष वैदेशिक रोजगारीमा गएका श्रमिकहरूको योगदान रहेको सरोकारवालाहरूको भनाइ छ । गत आवमा पौने आठ लाखको हाराहारीमा नेपाली श्रमिक श्रम स्वीकृति लिएर रोजगारीका लागि विदेसिएका थिए ।

वैदेशिक रोजगारीमा गएका नेपालीहरूले पठाउने रेमिटचान्सको रकमबाट मुलुकको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याइरहेको छ । लक्ष्यअनुसार राजस्व उठाउन नसकेको तथा अन्य स्रोतहरू पनि नजुटेको अवस्थामा रेमिटचान्स बढ्दा सरकारलाई ठूलो राहत भएको छ। (**बाँकी पृष्ठ ३ मा**)

## साइप्रस र युके पठाइदिने भन्दै ठगी गर्ने पक्राउ

**काठमाडौं (प्रस)-** वैदेशिक रोजगारीमा पठाइदिने भन्दै विभिन्न व्यक्तिलाई ठगी गरेको आरोपमा दुई जना पक्राउ परेका छन् । साइप्रस र युकेमा आकर्षक तलबसहितको रोजगारी लगाइदिने भन्दै पीडितबाट रकम लिएर फरार रहेको आरोपमा चेतना श्रेष्ठ र मुक्तिराज बोम्जनलाई प्रहरीले पक्राउ गरेको हो ।

उदयपुरको बेलका नगरपालिका-५ स्थायी घर भई हाल ललितपुर मंगलबजार बस्ने ३२ वर्षीया श्रेष्ठले राधेश्याम बानियालाई साइप्रस जान प्रतिव्यक्ति १५ लाख ६५ हजार रूपैयाँ लाग्ने र त्यहाँ पुगेपछि कृषि फार्ममा काम लागाइदिने भन्दै पटक-पटक गरी सात लाख ५० हजार रूपैयाँ लिएर ठगी गरेको प्रहरीले जनाएको छ ।

उनले पीडितलाई क्यानडामा एक लाख ५० हजार रूपैयाँभन्दा बढी मासिक तलब हुने भनी विश्वास दिलाई पैसा लिएर सम्पर्कविहीन भएको अवस्थामा पक्राउ गरिएको प्रहरीले जनाएको छ । श्रेष्ठलाई खोजतालासका क्रममा मंगलबजारबाटै पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

त्यस्तै पर्साको निर्मलवस्ती-२ स्थायी घर भई हाल काभ्रे बनेपा बस्ने ४४ वर्षीय बोम्जनले प्रकाश कठायतसमेत सात जनालाई आकर्षक रोजगारीका लागि युके पठाइदिने भन्दै रकम लिएर २० लाख रूपैयाँ लिएर ठगी गरेको प्रहरीले जनाएको छ । पीडितलाई विश्वास दिलाइ मासिक तीन लाख रूपैयाँ तलब हुने प्रलोभनमा पारी रकम संकलन गरी सम्पर्कविहीन रहेका बोम्जनलाई धुलिखेलबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

उनीहरू दुवै जनालाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको विशेष प्रहरी टोलीले पक्राउ गरेको हो । पीडितबाट पटक-पटक गरी रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । सोही आधारमा पक्राउ परेका उनीहरूलाई थप अनुसन्धान तथा कारबाहीको लागि विभागमा बुझाइएको प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए ।


जनहितमा जारी सन्देश

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।

**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।**

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेशन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# यस्तो छ पशुपतिमा तीजको तयारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** हरितालिका (तीज) पर्वका अवसरमा पशुपतिनाथ मन्दिर दर्शन गर्न आउने भक्तजनका लागि सबै तयारी पूरा भएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ । कोषले लाम व्यवस्थापन, स्वयंसेवक परिचालन, स्वास्थ्य शिविर एवं निःशुल्क पानी वितरणलगायत तयारी पूरा गरेको हो ।

तीजका अवसरमा चारैवटा सुरक्षा निकायले पशुपति क्षेत्रमा सुरक्षा दिनेगरी व्यवस्था मिलाइएको छ । यस वर्षको हरितालिका (तीज) पर्वका अवसरमा पशुपतिनाथको दर्शनमा आउने व्रतालु भक्तजनका लागि सहज बनाउन चार स्थानबाट लामको व्यवस्था गर्ने गरी तयारी भएको छ ।

कोटेश्वर-तीनकुने-सिनामंगल क्षेत्रबाट आउने भक्तजनका लागि तिलगंगा पर्यटक टिकट काउन्टर क्षेत्रबाट प्रवेश गरी राममन्दिर-आर्यघाट क्षेत्र हुँदै पूर्वी ढोकाबाट पशुपतिनाथ मन्दिर प्रवेश गर्ने गरी पहिलो लामको व्यवस्था गरिएको छ । यो मार्गबाट प्रवेश गर्ने भक्तजनको जुत्ता चप्पल आर्यघाट जाने वाग्मती नदीमाथिका दुई पुल पार गरेपछिकोमध्ये क्षेत्रमा राख्ने गरी व्यवस्था मिलाइएको छ ।

दोस्रो लाम मित्रपार्क क्षेत्रबाट प्रवेश गर्न पाउने गरी व्यवस्था गरिएको छ । यहाँबाट प्रवेश गर्ने भक्तजनको जुत्ता चप्पल शंकराचार्य मठअघिको क्षेत्रमा राख्न सकिने गरी व्यवस्था गरिएको कोष संस्कृति संरक्षण महाशाखा प्रमुख गौरीशंकर पराजुलीले जानकारी दिए ।

- चार स्थानबाट लामको व्यवस्था
- चारैवटा सुरक्षा निकायले सुरक्षा दिने
- आज बिहान ६ बजेपछि पुरुष दर्शनार्थीलाई प्रवेश निषेध

तेस्रो लाम गौशाला-पिंगलस्थान-पञ्चदेवल क्षेत्रबाट अघि बढ्ने व्यवस्था मिलाइएको छ । यहाँबाट प्रवेश गर्ने भक्तजनको जुत्ताचप्पल बज्रघरअघिको भागमा राखिनेछ । चौथो लाम गुह्येश्वरी-उमाकुण्ड-कैलाश दक्षिण भाग हुँदै पशुपतिनाथ मन्दिरमा प्रवेश गर्नेछ । यो मार्गबाट प्रवेश गर्ने भक्तजनको जुत्ताचप्पल गुरु मन्दिरअघिको खुला भागमा राखिनेछ । पशुपतिनाथ मूल मन्दिर र त्यस परिसरको तस्बिर एवं भिडियो खिचेमा मोबाइल जफत गरी नगद जरिवानासमेत गरिने भएको छ । पशुपतिनाथको मूल मन्दिरभित्र प्राचीनकालदेखि नै तस्बिर एवं भिडियो खिच्न मनाही गरिँदै आएको छ ।

पछिल्लो समय सबैका हातमा मोबाइल हुने र मोबाइल चलाएजसरी तस्बिर खिच्ने क्रम बढ्न थालेपछि नगद जरिवानासहित कारबाही गर्न लागिएको कोषले जनाएको हो । सनातनकालदेखि तस्बिर खिच्न मनाही गरिएको स्थानको तस्बिर खिची सामाजिक सञ्जालमा राख्ने, टिकटक बनाउने गर्ने क्रम बढ्न थालेपछि कोषले यस्तो तयारी गरेको हो ।

कोषले गत वर्षदेखि नै गर्भगृहको तस्बिर खिचेमा दुई हजार १०० रूपैयाँ, मुख्य मन्दिरको तस्बिर खिचेमा एक हजार १०० र मूल मन्दिर परिसरको तस्बिर खिचेमा ५०० रूपैयाँ जरिवाना गर्न सुरु गरेको छ । पशुपतिनाथ मूल मन्दिर क्षेत्रमा मोबाइलले तस्बिर खिचे नखिचेको अनुगमन गर्न कोषका कर्मचारी समूहले सूक्ष्म अनुगमन गर्न लागेको जानकारीसमेत उनले दिए । कोषले तीजका दिन आज सोमबार बिहान ६ बजेपछि पुरुष दर्शनार्थीलाई पशुपतिनाथ मन्दिर प्रवेश गर्न नदिने भएको छ । पशुपतिनाथका नित्य दर्शनार्थीलाई त्यसअघि नै दर्शन गरेर फर्कन पनि कोषले आह्वान गरेको छ ।

## शंकरदेव क्याम्पस पूर्वविद्यार्थी समाजमा थापा



**काठमाडौं (प्रस)–** शंकरदेव क्याम्पस पूर्वविद्यार्थी समाजको अध्यक्षमा राजीवकुमार थापा निर्वाचित भएका छन् । शनिबार सम्पन्न समाजको तेस्रो साधारणसभा तथा अधिवेशनले थापालाई अध्यक्षमा निर्वाचित गरेको हो ।

नयाँ कार्यसमितिको सचिवमा कन्हैयाभक्त राजभण्डारी र कोषाध्यक्षमा अञ्जना अर्याल निर्विरोध निर्वाचित भए । यसैगरी सदस्यहरूमा शुभराम बस्नेत, प्रकाश महर्जन, अमृतकुमार पन्थी, सन्तोष गुरुङ, रजन केसी, शिव पाठक, अञ्जित खड्का र राजेश पाठक निर्विरोध निर्वाचित भएको निर्वाचन समितिका संयोजक डा. सजीवकुमार श्रेष्ठले बताए ।

यसअघि अधिवेशनको उद्घाटन गर्दै कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले शंकरदेव क्याम्पसलाई म्यानेजमेन्ट विश्वविद्यालयको रूपमा विकास गर्न आफ्नो तर्फबाट सक्दो सहयोग रहने बताए । शंकर देव क्याम्पस व्यवस्थापनतर्फको पायोनियर कलेजको रूपमा रहेको उनले उल्लेख गरे ।

प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री दीपेन्द्र श्रेष्ठले शंकरदेव क्याम्पसलाई म्यानेजमेन्ट विश्वविद्यालयको रूपमा विकास गर्नका लागि प्रदेश सरकारसँग जग्गा उपलब्ध गराउन तथा आवश्यक पूर्वाधारका हरेक विषयमा सहयोग रहने बताए ।

साधारणसभाको बन्दसत्रमा पूर्वविद्यार्थी समाज शंकरदेवका अध्यक्ष राजीवविक्रम थापाले अध्यक्षको प्रतिवेदन तथा कोषाध्यक्ष कन्हैयाभक्त राजभण्डारीले कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत गरेका थिए । साधारणसभामा विधान संशोधनका लागि पेस गरेको प्रतिवेदन पनि सर्वसम्मतिमा पास गरेको थियो ।

## पाँच वर्षमा १६ सय जनाको उद्धार

**काठमाडौं (प्रस)–** पछिल्लो पाँच वर्षमा नेपाललगायत विभिन्न देशबाट बेचबिखनमा परेका एक हजार ६७९ जनाको उद्धार गरिएको छ। नेपाल प्रहरीको मानब बेचबिखन अनुसन्धान ब्युरोका अनुसार आर्थिक वर्ष २०७५/७६ देखि आव २०७९/८० सम्ममा बेचबिखनमा परेका उनीहरूको उद्धार गरिएको हो ।

ब्युरोका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक जीवनकुमार श्रेष्ठका अनुसार एक हजार १३४ जनाको विभिन्न जिल्लास्थित प्रहरी कार्यालयबाट उद्धार गरिएको छ । ब्युरोकै पहलमा ५४४ जनाको उद्धार गरिएको छ । यसरी उद्धार गरिएकामध्ये एक हजार ७८ महिला तथा ६०५ पुरुष रहेका छन् ।

आर्थिक वर्ष २०७८/७९ मा बेचबिखनमा परेकामध्ये २१४ जनाको उद्धार गरिएको प्रहरी वरिष्ठ उपरीक्षक श्रेष्ठले बताए । यस्तै आव २०७९/८० मा ३३६ जनाको उद्धार गरिएको थियो । वैदेशिक रोजगारीका नाममा बेचबिखन बढ्दो रहेको उनले बताए ।


## प्रमाणपत्र हरायो

मिति २०८०/०५/२० गते चन्द्रागिरीदेखि रत्नपार्कसम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण-पत्रहरू साथै सक्कली भारतीय राजदूतावासको प्रमाणपत्र सहित हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम थर : दिव्या रानासारीया
दर्ता नं : ४४१/०५
ठेगानाः चन्द्रागिरी-१५, काठमाडौं
फोन नं : ९८०२३५०९०१
भारतीय राजदूतावास काठमाडौं (नेपाल)

## कुवेत/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CITY GROUP GENERAL TRADING CO.
पूर्व स्वीकृति मिति : २०७८/११/१० पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/३१ LT. No. 258421 चलानी नं.६०१७४८६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nurses | 300 | 100 | 350 | १,५०,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GOLDEN HORSE SERVICES
पूर्व स्वीकृति मिति २०७९/१०/१२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/३१ LT No :279642 चलानी नं. ६०१९५६२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Workers | 50 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : LA CLASSIC BEAUTY SALON COMPANY FOR LADIES
पूर्व स्वीकृति मिति २०८०/०५/२९ LT No :291919 चलानी नं. ६०२०७८०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 2 | 140 | ६०,२४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure & Pedicure | 0 | 0 | 140 | ६०,२४३ | | | | | | | |

कम्पनी : slice the first doner joyer restaurant co.
पूर्व स्वीकृति मिति २०८०/०५/२९ LT No : 291918 चलानी नं. ६०२०७८०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FAST FOOD MAKER | 48 | 0 | 130 | ५५९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ETC FOOD RESTAURANT COMPANY
पूर्व स्वीकृति मिति २०८०/०५/२९ LT No : 291920 चलानी नं. ६०२०७८०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FAST FOOD MAKER | 150 | 0 | 130 | ५५९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : IMPERIAL PALACE HEALTH INSTITUTE SPA
पूर्व स्वीकृति मिति २०८०/०३/०३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/३१ LT No : 287933 चलानी नं. ६०२०३३२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Therapist Masseur | 150 | 0 | 130 | ५५९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : KOHL AND DERM SALON FOR WOMEN'S BEAUTY
पूर्व स्वीकृति मिति २०७९/१०/२९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/३१ LT No :280832 चलानी नं. ६०१९६४३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 3 | 150 | ६४,५४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Pedicure & Manicure | 0 | 3 | 150 | ६४,५४६ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज ८ गते (25th Sep. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## नारायणी डेभलपमेन्ट बैंक लिमिटेड

रत्ननगर-०१, टाँडी, चितवन ।

मिति २०८० आश्विन ०१ गते देखि लागु हुने
**निक्षेप तथा कर्जाको ब्याजदर**

क. साधारण बचत तर्फः

| क्र.सं. | निक्षेप विवरण | वार्षिक ब्याजदर | न्युनतम मौज्दात (रु.) |
|---|---|---|---|
| १. | नारायणी सुनौलो बचत खाता | ८.५० % | १०,०००/- |
| २. | विशेष बचत खाता | ७.०० % | १,०००/- |
| ३. | साधारण बचत खाता | ६.५० % | १/- |
| ४ | बाल बचत खाता | ६.५० % | १००/- |
| ५ | गृहिणी बचत खाता | ६.५० % | १००/- |
| ६ | जेष्ठ नागरिक बचत खाता | ६.५० % | १००/- |
| ७ | शेयरहोल्डर बचत खाता | ६.५० % | १००/- |
| ८ | रेमिट्यान्स बचत खाता | ६.५० % | १००/- |
| ९ | प्रोभिडेन्ट फन्ड बचत खाता | ६.५० % | १००/- |
| १० | विद्यार्थी बचत खाता | ६.५० % | १००/- |
| ११ | तलबी बचत खाता | ६.५० % | १००/- |
| १२ | कर्मचारी बचत खाता | ६.५० % | - |
| १३ | कल खाता | ३.२५% सम्म । | १०,०००/- |
| १४ | चल्ती खाता | - | १,०००/- |

ख. मुद्धति तर्फ :

| क्र.सं. | मुद्धती निक्षेप अवधि | वार्षिक ब्याजदर* व्यक्तिगत | वार्षिक ब्याजदर* संस्थागत |
|---|---|---|---|
| १ | ३ महिना देखी ६ महिना सम्म | ११.०० % | - |
| २ | ६ महिना देखि १ वर्ष सम्म | ११.२५ % | ९.२५ % |
| ३ | १ वर्ष भन्दा माथि | ११.५० % | ९.५० % |

| ग. रेमिट्यान्स मुद्धती | व्यक्तिगत मुद्धतीमा थप १ प्रतिशत |
|---|---|

मासिक/त्रयमासिक/अर्धबार्षिक/बार्षिक ब्याज भुक्तानी*

घ. कर्जा तर्फ :

| | |
|---|---|
| व्यवसायीक आवधिक/अल्पकालिन चालु पुँजी/व्यवसायीक हायर पर्चेज कर्जा | १५ % |
| व्यक्तिगत घर/सवारी साधन/ओभरड्राफ्ट कर्जा | १५.५० % |
| शेयर कर्जा | १६ % |
| विना धितो प्रवाह हुने व्यक्तिगत कर्जा | १६ % |
| मुद्धती रसिद धितो कर्जा | मुद्धती निक्षेपमा थप २ % सम्म |

*शर्तहरु लागु हुनेछ ।

नारायणी डेभलपमेन्ट बैंक लि.
Narayani Development Bank Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"
Ratnanagar-1, Chitwan, Nepal
Tel: +977-56561258/560608, Fax: +977-56561670
www.ndbl.com.np, info@ndbl.com.np

## Shey-Phoksundo Rural Municipality
### Office of Rural Municipal Executive
Saldang, Dolpa
Karnali Province, Nepal

## INVITATION FOR ELECTRONICS BIDS

**First date of publication: 18-Sep.-2023 AD (2080-06-01 BS)**

Shey-Phoksundo Rural municipality invites electronic bids from the eligible bidders for construction of the following works under NCB procedure. For further information visit e-GP portal of PPMO, www.bolpatra.gov.np/egp

| S.N. | Contract ID | Description of Works | Estimated amount (Inclusive VAT) (NRs.) | Price of BID document (NRs.) | BID Security Amount (NRs.) | BID Validity/ BID security Validity period | Bid Submission Deadline | Bid Opening Deadline and Time | Office Account Details |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SPRM/NCB/ DOP/WORKS/ 080-081-07 | Road Constructio Work (Peri Katpohaa dekhi Chhusong shong samma Sadak Nirman) | 4833638.19 | 3000 | 120000 | 90 days/120 days respectively | 18/10/2023 AD (2080-07-01 BS). 12:00 PM | 18/10/2023 AD (2080-07-01 BS). 14:00 PM | 1. GA-1-1 Antarik Rajashwo khata - 1650133537700071<br>2.Dharauti Khata GA-1-3-1650133537700041 (Prabhu Bank Ltd) |

**Others will be as per Act PPA, 2063 and Regulations PPR, 2064**

**Chief Administrative Officer**

### गैह्रीगाउँ हत्याकाण्ड

# मोटरसाइकलले ठक्कर दिएको रिसइबीमा चार जनाको हत्या!

**काठमाडौं (प्रस)–** शुक्रबार राति तीनकुनेस्थित गैह्रीगाउँमा चार जनाको हत्या प्रकरणमा संलग्न आरोपी सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिकाका सञ्जय भण्डारीलाई प्रहरीले आइतबार पक्राउ गरी सार्वजनिक गरेको छ।

आइतबार जिल्ला प्रहरी परिसर काठमाडौंमा पत्रकार सम्मेलन आयोजना गरी निज अभियुक्तलाई प्रहरीले सार्वजनिक गरेको हो । उक्त घटनापछि खुकुरीसहित भागेका निज आरोपीलाई प्रहरीले सिसी टिभी फुटेजको सहयोगमा पक्राउ गरेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक सोमेन्द्रसिंह राठौरले पत्रकार सम्मेलनमा बताए ।

उनले भने, 'बोल्न नसक्ने निज भण्डारीलाई केही समयअघि चाबहिलमा नवीन राईको सवार मोटरसाइकलले ठक्कर दिएको र सोही क्रममा विवाद भएर रिसइबी बढेको र त्यसकै निहुँमा उनी बसेको स्थान फेला पारेर हत्या गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ ।'

चार जनाको हत्या गरेपछि आरोपी भण्डारी भाग्दै पेप्सीकोला पुगेका थिए र त्यहाँ उनको साथीको घर भएको तथा राति मूलगेट लगाएको बेला उनी रूखमा चढेर घरको कम्पाउण्डभित्र पुगेका थिए । तर त्यहाँ उनले साथी नभेटेपछि पुनः अर्को घरमा पुगेको पाइएको प्रहरी वरिष्ठ उपरीक्षक राठौरले जानकारी दिए ।

नवीनसँग मात्रै दुश्मनी भए पनि पोल खुल्ने डरले उनले अन्य तीन जनाको पनि हत्या गरेको खुल्न आएको प्रहरीले जनाएको छ । जन्मजात बोल्न नसक्ने हत्या आरोपी भण्डारीको प्रहरीले दोभाषेको सहयोगमा बयान लिइएको जनाइएको छ । शुक्रबार मध्यराति गैह्रीगाउँस्थित दिव्य सःमिलमा मोरङ घर भएका १९ वर्षीय नवीन राईसहित सुरक्षा गार्डको जिम्मेवारीमा रहेका कुमार भुजेलसहित उनकी पत्नी अम्बिका भुजेल र उनकी आमा ७० वर्षीय सुमित्रा भुजेलको हत्या भएको थियो ।

# सरकार र चिकित्सक संघबीच ६ बुँदे सहमति

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारी पक्ष र आन्दोलरत नेपाल चिकित्सक संघ पक्षबीच छ बुँदे सहमति भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा दुवै पक्षका टोलीबीच भएको वार्तामा छ बुँदे सहमति गर्दै आन्दोलरत चिकित्सकको सबै कार्यक्रम फिर्ता भएको छ ।

सहमतिपत्रमा सरकारी वार्ता टोलीका संयोजक एवं मन्त्रालयका अतिरिक्त सचिव डा. विकास देवकोटा र आन्दोलनरत पक्षबाट चिकित्सक संघका अध्यक्ष डा. अनिलविक्रम कार्कीले हस्ताक्षर गरेका छन् ।

सहमतिअनुसार यही भदौ २७ गते सञ्चो अस्पताल हेटौंडामा कार्यरत रहेका चिकित्सकद्वय डा. विकास थापा र डा. प्रशान्त विडारीमाथि आक्रमणमा संलग्न भएका दोषीहरूलाई तत्काल पक्राउ गर्ने र पक्राउ परेका चारजना, पक्राउ पुर्जी जारी भएका पाँचजनासहित दोषीहरूलाई स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ (पहिलो संशोधन ऐन, २०७९) अनुसार कारबाही गरिने भएको छ ।

यस्तै स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ (पहिलो संशोधन ऐन, २०७९) को प्रभावकारी कार्यान्वयन गर्न सरकारका सरोकारवाला निकायहरू प्रतिबद्ध रहने, सोही ऐन (पहिलो संशोधन ऐन, २०७९) को दफा ५ बमोजिमको स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा समन्वय समितिलाई स्वास्थ्य मन्त्रालयले सक्रिय बनाउन मासिकरूपमा बैठक बस्ने व्यवस्था गर्ने सहमति भएको छ ।

यसैगरी ऐनको कार्यान्वयनका लागि सरोकारवालालाई स्वास्थ्य क्षेत्रको संवेदनशीलतालाई मनन गरी सोहीअनुरूप सचेतनामूलक कार्यक्रम मन्त्रालय र संघले यसै आर्थिक वर्षदेखि सुरु गर्ने, चिकित्सकको सेवा सुविधा, सुरक्षा, जनशक्ति परिचालन, क्षमता अभिवृद्धि तथा विदेशिने प्रवृत्ति कम गर्नेलगायतका समस्या समाधान गर्ने गरी तीन महिनाभित्र चिकित्सक सेवासम्बन्धी विधेयकको मस्यौदा तयार गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने पनि सहमति भएको छ ।

सरकारी वार्ता समितिमा गृह मन्त्रालयका सहसचिव केदारनाथ शर्मा, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयकी सहसचिव निर्मला अधिकारी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयकी सहसचिव संगीता ओझा र स्वास्थ्य मन्त्रालयका सहसचिव रमेशकुमार केसी रहेका थिए । आन्दोलनरत चिकित्सक संघबाट अध्यक्ष डा. कार्कीसहित उपाध्यक्षद्वय डा. नन्दा गुरुङ, डा. प्रकाश बुढाथोकी, डा. प्रशान्त भट्ट र महासचिव डा. सञ्जीव तिवारी रहेका थिए ।

आइतबार अपराह्न १२ बजेदेखि सुरु भएको वार्ता सात घण्टासम्म चलेको थियो । चिकित्सकमाथिको आक्रमण गर्नेलाई कारबाहीको माग गर्दै आइतबार देशभरिका स्वास्थ्य संस्था आकस्मिक सेवाबाहेकका सबै सेवा संघले बन्द गराएको थियो ।

# मिटरमा नचल्ने ट्याक्सीलाई कारबाही

■ प्रभाव संवाददाता

**गण्डकी–** पोखरामा मिटर प्रणालीमा नचल्ने ट्याक्सी कारबाहीमा परेका छन् । एक महिनाको अवधिमा ९५ ट्याक्सीलाई कारबाही गरिएको ट्राफिक प्रहरी कार्यालय, कास्कीका प्रहरी वरिष्ठ नायब निरीक्षक शिवप्रसाद पाठकले जानकारी दिए ।

गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले यही भदौ १ गतेदखि पोखरा उपत्यकामा अनिवार्य मिटर प्रणाली लागू गरेको थियो । 'मिटर प्रणाली लागू भएपछि ट्याक्सीको कडाइका साथ अनुगमन भइरहेको छ,' प्रवनानि पाठकले भने, 'जरिवानाबाट ९८ हजार रूपैयाँ राजस्व उठेको छ, अझै ५१ ट्याक्सीको राजस्व जम्मा हुन बाँकी छ ।'

मिटरमा नगुड्ने ट्याक्सीलाई सवारी ऐनअन्तर्गत कारबाही गर्ने गरिएको उनको भनाइ छ । मिटरमा हिँड्न अटेर गर्ने ट्याक्सी चालकले न्यूनतम दुई हजार १०० देखि बढीमा पाँच हजार ५०० रूपैयाँसम्म जरिवाना तिरेका हुन् । 'ट्याक्सी मिटरमा चले/नचलेकाबारे मन्त्रीज्यू र मन्त्रालयका पदाधिकारीबाट पनि बेलाबेला अनुमगन हुने गरेको छ,' प्रवनानि पाठकले भने, 'यात्रुबाट गुनासो आउनासाथ ट्राफिक प्रहरीले तत्काल कारबाही गर्छ ।'

ट्याक्सीले मनपरी भाडा लिएर यात्रु ठग्ने गरेको जनगुनासो बढेपछि मन्त्रालयले मिटर प्रणाली लागू गर्न पहल लिएको थियो । भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीसँग पटक-पटक भएको छलफलमा ट्याक्सी व्यवसायीहरू मिटर प्रणालीमा चल्न सहमत भएका थिए ।

२०७८ फागुन १ गतेदेखि लागू हुनेगरी प्रदेश सरकारले भाडादर समायोजन गरे पनि पोखराका ट्याक्सी मिटरमा चलेका थिएनन् । दुई वर्षअघि समायोजन गरेको भाडादरअनुसार १५ किलोमिटरको यात्रामा चढ्ना साथ (फ्ल्याग डाउन) ८० रूपैयाँ र त्यसपछि प्रति २०० मिटरको १० रूपैयाँ तोकिएको छ । १५ किलोमिटरभन्दा बढीको दूरीमा प्रतिकिलोमिटर ३७ रूपैयाँ ५० पैसा कायम गरिएको थियो ।

मन्त्रालयको प्रशासन तथा यातायात व्यवस्थापन महाशाखाका प्रमुख टीकाराम पौडेलले विगतमा प्रतिबद्धता गरेको विषयलाई ट्याक्सी व्यवसायीले लागू गर्नुपर्ने बताए । उनले ट्याक्सीले मनलाग्दी भाडा लिने प्रवृत्तिको अन्त्य गरिने उल्लेख गरे । 'ट्राफिक प्रहरीले यसको नियमित अनुगमन गर्छ, मन्त्रालयबाट पनि नियमन हुन्छ, मिटर प्रणालीमा नचल्ने ट्याक्सीलाई कानुनबमोजिम कारबाही हुन्छ,' उनले भने, 'प्रदेश सरकार र ट्याक्सी व्यवसायीबीच भाडा समायोजनलगायत विषयमा भएका समझदारी कार्यान्वयनमा दुवै पक्ष जिम्मेवार हुनुपर्छ ।'

## चीन, भारत...

पृष्ठ १ बाट जारी

वर्षीय पुष्करराज भट्ट, खोटाङ जन्तेढुङ्गा गाउपालिका ४ का ४६ वर्षीय राजेन्द्रकुमार राई, सिन्धुपाल्चोक बलेफी गाउँपालिका ७ खाडीचौर का ३५ वर्षीय यादव पराजुली छन् । त्यसैगरी चितवन रत्ननगर नगरपालिका १२, चितवनका ३८ वर्षीय सुदर्शन गौतम, दोलखा मेलुङ गाउँपालिका वडा नम्बर ३, घ्याङसुकाठोकरका रामकुमार भुजेल, मेलुङ गाउँपालिका वडा १ का दीलिप भुजेल, गुल्मी चन्दकोट गाउँपालिका ६ का ३४ वर्षीय सुमन खरेल, बारा कलैया उपमहानगरपालिका वडा नम्बर ४ का ४५ वर्षीय शिवकुमार सरार्फ, दोलखा भिमेश्वर नगरपालिका वडा नम्बर ११ का ४५ वर्षीय किशोर बस्नेत छन् ।

त्यसैगरी कैलाली धनगढी उपमहानगरपालिका वडा नम्बर ८ क्याम्पस रोडका ३४ वर्षीय सन्तोष चन्द, भन्सार अधिकृत ५६ वर्षीय गणेशप्रसाद पौडेल, नायब सुब्बा ३३ वर्षीय वीरेन्द्र नेपाली छन् । त्यसैगरी भन्सार खरिदार ५७ वर्षीय कुमार ढकाल, भन्सार कार्यालयमा टेलिफोन अपरेटर पदमा कार्यरत ५० वर्षीय सरोज श्रेष्ठ रहेका छन् ।

**रुक्मिनाविरुद्ध पनि मुद्दा**

भन्सार एजेन्ट रुक्मिना सुब्बाविरुद्ध पनि मुद्दा दायर भएको छ । मानवीय कारण 'जिम्मा जमानी'मा रिहा भएकी उनीविरुद्ध पनि मुद्दा दायर भएको हो । उनी क्यान्सरबाट पीडित भएको हुनाले बोलाएको बेलामा हाजिर गराउने सर्तमा परिवारको जमानीमा रिहा गरिएको थियो । घाँटीको क्यान्सरबाट पीडित रुक्मिनालाई उपचारका लागि साउन १९ गते रिहा गरिएको थियो ।

## सरकारको...

पृष्ठ १ बाट जारी

मुख्यमन्त्री कांग्रेस हुन्छ, अनि ०८४ मा चुनाव हारिन्छ भनेर किन रुवाबासी ?' आइतबार नै कांग्रेसका पूर्वमहामन्त्री डा. शशांक कोइरालाले भने अहिले सरकार परिवर्तनको सम्भावना नरहेको बताए । चितवन पुगेका उनले सञ्चारकर्मीसँग सत्ता गठबन्धनमा सामान्य खटपट भए पनि अहिले नै सरकार परिवर्तनको सम्भावना नरहेको बताएका हुन् ।

'मेरो दृष्टिकोणले पुष्पकमल दाहाल नेतृत्वको सरकार पाँच वर्षसम्म जान सक्छ, मलाई त्यस्तो लाग्छ,' उनले भने । सरकारको स्थायित्व आवश्यक रहेको उल्लेख गर्दै कोइरालाले स्थायित्वले मात्रै देशको विकास सम्भव रहेको बताए ।

विगतमा कतिपय समझदारी भएर पनि तोडिएको प्रसंग उल्लेख गर्दै उनले दाहाल साधारण व्यक्ति नभएको तर्क गरे । एमाले र माओवादी केन्द्रबीचको तीक्तताका कारण पुनःएमालेसँग मिल्न जानसक्ने अवस्था नभएको उनको दाबी थियो ।

कांग्रेसका अर्का नेता डा. शेखर कोइराला पनि कांग्रेसको पारा यही हो भने पाँच वर्ष दाहालकै नेतृत्वमा सरकार चल्ने बताउँछन् । भदौ २२ गते नयाँ बानेश्वरमा अनौपचारिक छलफलमा डा. शेखरलाई सरकारको नेतृत्व परिवर्तनबारे प्रश्न गरिएको थियो । जवाफमा उनले भनेका थिए, 'मलाई लाग्दैन अहिले नै सरकारको नेतृत्व फेरिन्छ भनेर । धेरै सजिलो छ कांग्रेसकै कारण । यस्तै हो भने दाहाल नेतृत्वको सरकार पाँच वर्ष जान्छ ।'

## पहिलो...

पृष्ठ १ बाट जारी

यद्यपि, राष्ट्र बैंकले सार्वजनिक गरेको उक्त तथ्यांक वैधानिक च्यानलबाट आएको रकम मात्र हो । यसबाहेक हुण्डीलगायत अवैधानिक च्यानलबाटसमेत विदेशबाट रकम भित्रिने गरेको छ ।

सरकारले वैधानिक च्यानलबाट रेमिटचान्स भित्रचाउन प्रोत्साहित गर्ने उद्देश्यले विभिन्न कार्यक्रमसमेत सञ्चालन गर्दै आएको छ । पहिलो महिनामै सवा खर्बभन्दा बढी रकम भित्रिनु सकारात्मक भएको राष्ट्र बैंकका एक अधिकारीले बताए । यही क्रमले निरन्तरता पाए मुलुकको अर्थतन्त्र उकास्न ठूलो सहयोग पुग्ने ती अधिकारीको भनाइ छ ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी खारेजी सूचना**

यस कार्यालयमा मिति २०६२/१२/३० मा दर्ता भएको प्रा.लि.नं. ३९२०३ को **साहारा संङ्गीत प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०५/३१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**Eicher कम्पनीको जेनेरेटर बिक्रीको लागि गोप्य शिलबन्दी प्रस्ताब आव्हान गरिएको सम्बन्धी सूचना**

(प्रकाशित मितिः २०८०/०६/०१)

उपरोक्त सम्बन्धमा यस संस्थाको प्रदर्शनी मार्ग स्थित साविक कार्यालयमा चालु हालतमा रहेको Eicher जेनेरेटर जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्रिको लागि यो गोप्य शिलबन्दी प्रस्ताव आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र गोप्य शिलबन्दी प्रस्ताव केन्द्रिय कार्यालय, कमलादी काठमाडैंमा बुझाई सक्नु पर्नेछ । प्राप्त शिलबन्दी प्रस्तावहरु १६औं दिनमा खोलिनेछ । प्रस्ताव दर्ता गर्ने अन्तिम दिन र/वा प्रस्ताव खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो को भोलि पल्ट प्रस्ताव दर्ता/र प्रस्ताव खोलिने छ ।

**तपसिल**

चालु हालतमा रहेको **Eicher** कम्पनीको जेनेरेटर (**20KVA**)

- उक्त सामान अवलोकन गर्न यस कार्यालयमा सम्पर्क गर्न सक्नु हुनेछ ।
- प्राप्त शिलबन्दी प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस सस्थामा नै निहित रहने छ ।
- Eicher जेनेरेटरको विवरण यस संस्थाको प्रशासन विभागबाट प्राप्त गर्न सकिने छ ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

रिलायन्स भवन, कमलादी,काठमाडौं । सामान्य प्रशासन विभाग, **सम्पर्क नं.**: ९८४१२६०५००

वित्तीय सेवाको अर्को परिभाषा



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : NIRMAN PLUS FOR CAR MAINTENANCE CENTER

पूर्व स्वीकृति मिति : २०८०/०५/३१ | LT. No. 292633 | चलानी नं. ६०२०७८३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Auto Electrician | 1 | 0 | 1700 | ६०,१०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Vehicle Denter | 1 | 0 | 1700 | ६०,१०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ १९ गते (5th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NABIL OVERSEAS PVT LTD. श्रम इजाजत नं. ३५९/०५९/०६०
Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023



**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : BAERLOCHER (M) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/३१ | LT. No. 283124 | चलानी नं. ६०१९८७७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 12 | 0 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज ८ गते (25th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sherpa International Manpower Consultancy Pvt. Ltd. Govt. License 430/060/061
Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821



**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : PRECISE HARVEST SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०५/३१ | LT. No. 292656 | चलानी नं. ६०२०७८२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज ८ गते (25th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd.
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



**Invitation for Bids**
**Shree Setigaun Multiple Campus**
**Gokuleshwor, Baitadi**

**INVITATION FOR THE BIDS**

**Date of Publication: 18th September 2023 (2080/06/01 B.S.)**

1. Shree Setigaun Multiple Campus Gokuleshwor, Baitadi invites electronic bids from eligible bidders for the works mentioned below under National Competitive Bidding.

| S. N. | Contract Identification Number | Description of Work | Estimated Amount Excluding VAT | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | UGC/SMC/NCB/BLD/01/2080/081 | Construction of First and Second Floor of Campus Administrative Building | 46,01,769.91 | 1,16,000/- | 3,000/- | Hard Copy Not Acceptable |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Shree Setigaun Multiple Campus Gokuleshwor Baitadi, Email: smctubaitadi854@gmail.com, Phone no. +977-093-400113 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Campus Chief**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## आन्दोलन हैन सेवा सुधार

देशभरका चिकित्सक आइतबार सेवाक्षेत्रमा आफ्नो सुरक्षा माग गर्दै आन्दोलनमा उत्रे । आचारसंहिता मान्ने हो भने सेवा ठप्प पारेर आन्दोलन गर्ने छुट चिकित्सकलाई छैन । तर नेपाल न हो, यहाँ जो पनि आन्दोलनमा उत्रिन्छन् । अझ विभिन्न संघसंगठनको नाम उपचार नै ठप्प पार्नमा हामी उस्ताद नै हौं ।

हेटौंडाको सञ्चो अस्पतालमा सञ्चो पार्न ल्याएका आफ्ना आफन्त राजेश प्रधान सञ्चो नभई संसारबाट बिदा भए । यही घटनामा उनका आफन्त अस्पतालभित्र पसेरै चिकित्सक डा. विकास थापा र डा. प्रशान्तमाथि हातपात गरे । साउन २५ गते डेंगी संक्रमित ४१ वर्षीय प्रधानको चितवनको नयाँ मेडिकल कलेजमा मृत्यु भएको थियो । सञ्चो अस्पतालमा उपचार हुन नसकेपछि भरतपुर पुऱ्याइएको भोलिपल्ट प्रधानको मृत्यु भएको हो । त्यसको झण्डै एक महिनापछि भदौ २७ गते आफन्त अस्पताल पसेर कुटपिटमा उत्रेका हुन् ।

आफन्तका अनुसार साउन २२ गते प्रधान सञ्चो भर्ना भएका थिए । डेंगीको शंकामा उनलाई सञ्चो लगिएको थियो । परीक्षणमा उनलाई डेंगी 'नेगेटिभ' देखियो । दुई दिनमै उनलाई अस्पतालले डिस्चार्ज गरिदियो । स्वास्थ्यमा फेरि समस्या देखिएपछि २४ गते सञ्चो भर्ना भए । सञ्चोले भरतपुर रेफर गऱ्यो । भरतपुरमा उपचारको क्रममा उनको मृत्यु भयो ।

मृत्युको एक महिनापछि आफन्त आक्रोशित बन्दै अस्पतालमा पसेका थिए । सोही साँझ चिकित्सक र आफन्तबीच मिलापत्रसमेत भएको थियो । यही विषयलाई लिएर देशभरका चिकित्सक आन्दोलनमा उत्रेका हुन् । उनीहरूले आफ्नो पेसाको सुरक्षाको माग गर्दै हड्ताल गरेका हुन् । कुटपिटमा उत्रेकालाई प्रशासनले कारबाही नगरेपछि चिकित्सक सडकमा उत्रनु ठीकै होला तर मृत्युको एक महिनापछि आफन्त किन आक्रोशित बने ? पक्कै अस्पतालका चिकित्सकका कमजोरी बाहिर चुहिएर हो कि ? यसबारे सरकारले छानबिन गर्नैपर्छ । पछिल्ला दिनहरूमा उपचारका क्रममा चिकित्सकको लापरबाही बढ्दो छ । उपचारको बाहनामा ठगीमात्र हैन स्वास्थ्यमाथि गम्भीर खेलवाड गरिँदै आएको छ । बिरामीको उपचारमा हेलचेक्र्याइँ, समयमा जाँच नगर्ने, भरपर्दो उपकरण नराख्नेजस्ता लापरबाही गरिएका अस्पतालका घटना सतहमै छन् । बिरामीमाथि भएका अन्याय बाहिर ल्याउने भएपछि लाखौं दिएर सामसुम पार्ने अस्पताल प्रशासनको पुरानै प्रवृत्ति हो ।

नेपाली चिकित्सकप्रति गरिब नेपालीहरू बाध्यताले उपचार गर्न विवश छन् । नभए नेपाली चिकित्सकहरूमाथि विश्वास नभएकै कारण मध्यमवर्गीय परिवारदेखि उच्च वर्गका मानिस भारत, चीन, थाइल्यान्ड पुग्छन् उपचार गर्न । अकुत पैसा कमाउने लोभमा औषधीको थुप्रो किन्न लगाउने, सामान्य रोगमा पनि बिरामी तर्सिने गरी गम्भीर प्रकृतिको रोग लागेको भन्दै ब्ल्याकमेल गर्ने चिकित्सकहरू पनि देखिन्छन् । कान्ति बाल अस्पतालमा उपचार नपाएर पाँच वर्षीया रेजिशा गोपालीको ज्यान गएको घटना सेलाएको छैन । यस्तो अवस्थामा चिकित्सकले विश्वास जित्न भरपर्दो काम गर्नुपर्छ । त्यसैले आन्दोलन हैन बिरामीको सेवा सुधार अस्पताल ।

## मनन्योग्य

### चाणक्य नीति

चाणक्य आउनासाथ सबै चूप ! उपस्थित सबैतिर दृष्टि दिँदै आसन ग्रहण गर्न संकेत गरे । आफू पनि आसनमा बसे । चाणक्यले भने- सम्मानित समाज यस सभामा तपाईहरूको दर्शन भयो यो मेरो सौभाग्य हो, यो सभामा नडराई आफ्नो आपत्ति भन्नुहोस् ।

यो चाणक्यको ओजस्वी बोलीको चमत्कार थियो, पण्डित समूह प्रतिरोध गर्न खडा हुनमा झन्झट मानिरहेथे । धेरै अन्तकद्वन्द्वपछि एक ब्राह्मण साहस गर्दै आफू रिसाई बोल्न थाले- 'म मगधका नागरिकका तर्फबाट सोच्छु के युनानी राजकुमारी एवम् विजातीय कन्या हेलनसँग मगध सम्राट् चन्द्रगुप्तको विवाह गरिदैछ ? यो अधर्म हो, सन्तान वर्ण सङ्कट हुन्छ, धर्मले यसको स्वीकृति दिँदैन ।

यस कुराले सबैलाई बल मिल्यो सबैने साहस गर्दै भने- 'हो यो विवाह हुन सक्तैन, हामी धर्मविरुद्ध केही पनि हुन दिँदैनौं ।

पण्डितहरूको यो अनुशासनहीन विरोधले चाणक्यका आंखीभी चल्न लागे । आफैलाई रोक्त गम्भीर भई भने- 'चाणक्य छउन्जेल मगधमा नीतिविरुद्ध केही पनि हुनसक्तैन, यो विश्वास गर्नोस्, तर म तपाईहरूसँग सोध्न चाहन्छु के धर्मको अर्थ विनाश हो ?

धर्म त्यहीं हुन्छ जसमा मानव कल्याण निहित हुन्छ । फेरि विवाह दुई हृदयको मिलन हो, दुई आत्माको मिलन हो । जब गुण, कर्म, स्वभाव मिल्छ भने दुई आत्माको मिलनमा धर्म बाधक हुनुहुँदैन । धर्मको काम हो तोड्नु होइन हाम्रो यहाँ आत्मालाई परमात्मास्वरूप मानिन्छ ।'

'युनानी राजकुमारी हाम्रो पूर्वीय संस्कृतिबारे पूर्ण परिचित हुनुहुन्छ । त्यसलाई प्रेम र आदर गर्नुहुन्छ । तपाईंहरू सोच्नोस् यो विवाहले मानवताको कति उपकार हुन्छ । भारत वर्ष युनानका आक्रमणबाट सधैं मुक्त रहन्छ युनानका रूपमा भारतवर्षले आफ्नो एउटा शक्तिशाली मित्र पाउँदा त्यो पनि धेरै शक्तिशाली हुनेछ, भारतवर्षको संस्कृतिको विस्तार हुनेछ ।'

चाणक्य अरू पनि धेरै भन्न चाहन्थे तर ती धर्मांधन्ताले गर्दा पण्डित समूह ले केही सम्झेनन् । रिसाउदै भन्न लागे- 'शत्रुकी छोरी त्यो पनि विजातीय यो विवाह हुनै सक्दैन ।' क्रमशः

सन्दर्भः संविधान दिवस

# निर्वाचन र शासकीय प्रणाली फेर्नैपर्छ

सशस्त्र द्वन्द्वका बेला आन्दोलनरत तत्कालीन नेकपा माओवादीको बटालियन कमिसारदेखि पहिलो महिला सभामुख भएर ओनसरी घर्तीले मुलुकमा राजनीतिक रुपान्तरणका लागि प्राप्त जिम्मेवारी कुशलतापूर्वक सम्हाल्ने अवसर प्राप्त गरेकी थिइन् । अनेरास्ववियुबाट विद्यार्थी राजनीतिमा प्रवेश गरेकी घर्ती माओवादी राज्य समिति सदस्य, केन्द्रीय सदस्य, पोलिटब्युरो सदस्यसम्म भइन् । संविधानसभा सदस्य निर्वाचन २०६४ मा समानुपातिक सदस्य र दोस्रो संविधानसभा निर्वाचनमा रोल्पा-२ बाट निर्वाचित भएपछि उनी संविधानसभाका उपाध्यक्ष र केही समय सभामुख बनिन् । उनले वि.सं. २०६८ मा युवा तथा खेलकुदमन्त्रीको जिम्मेवारी सम्हालिन् भने वि.सं. २०७४ को निर्वाचनमा समानुपातिकबाट फेरि प्रतिनिधिसभा सदस्य निर्वाचित भइन् । पूर्वसभामुख घर्तीसँग नवौं संविधान दिवस, २०८० का अवसरमा *रासस*का उपप्रमुख समाचारदाता *नारायणप्रसाद न्यौपाने*ले गरेको कुराकानीः



ओनसरी घर्ती
पूर्वसभामुख

**नेपाली जनताको ठूलो बलिदानीपछि उपलब्धिका रूपमा प्राप्त संविधान र संघीयता कार्यान्वयनमा अहिले भइरहेको अभ्यासलाई कसरी हेर्नुभएको छ ?**

हामीले संघीय लोकतान्त्रिक गणतान्त्रिक संविधान बनाएपछि सुरुमा कानुन निर्माणमै धेरै समय खर्चनुपऱ्यो । नयाँ संविधानअनुसार कानुन बन्ने काम बाँकी नै छ । मुलुकमा हामीले नयाँ राजनीतिक व्यवस्था स्थापना गऱ्यौं, यसको कार्यान्वयनका लागि लगातार सबै राजनीतिक दलका बीच एक प्रकारको सहकार्य गरेर अघि बढिरहेका छौं । जनताको चाहनाका साथ संविधान निर्माण गरियो, त्यसबमोजिम नै कार्यान्वयनमा छौं । यसको गति भने धिमा छ ।

**मुलुक संघीयताको अभ्यासमा छ, प्रदेशको अधिकार र स्थानीय तहमा सुशासन सम्बन्धमा उठेका आवाजलाई कसरी हेर्नुभएको छ ?**

प्रदेशलाई संविधानअनुरूप दिनुपर्ने अधिकार र बनाउनुपर्ने संरचनाका काम ढिलो भएको छ । कानुन बनाएर छिटो अधिकार सुम्पनुपर्थ्यो, अहिले उठिरहेको सुशासनका कुरा पनि कानुन नहुँदाकै परिणति हो । स्पष्ट कानुनी प्रबन्ध नहुँदा अलमलजस्तो देखिन्छ । अब छिटो कानुन बनाएर प्रदेशलाई अधिकार र जिम्मेवारी हस्तान्तरण गर्नुपर्छ । संविधानमा लिखित अधिकारको सूचीका आधारमा कामको बाँडफाँट र अधिकारको उपयोग गर्नुपर्छ । राजनीतिक दल, सरकार र अरु निकाय मिलेर सुशासन कायम गर्ने र भ्रष्टाचारलाई शून्यमा झार्ने विषयमा स्पष्ट प्रतिबद्धता आउनुपर्छ ।

**तीन तहका सरकारबीच समन्वय र सहकार्यका सम्बन्धमा यहाँको बुझाइ के हो ?**

संघ, प्रदेश र स्थानीय तह आफूलाई चाहिने आवश्यक कानुन आफैं निर्माण गर्न सक्छन् । हिजोको केन्द्रीकृत संरचना र मानसिकताले प्रदेश र स्थानीय तहमा अधिकार विकेन्द्रिकृत गर्न केही समय लाग्यो । स्थानीय तहमा केही संरचना भएकाले चाँडो काम भए पनि प्रदेशका हकमा भने संघले दिनुपर्ने अधिकार अझै दिइएको छैन । कतिपय कानुन नै बनेको छैन । तीन तहका सरकारबीच समन्वय नहुँदा अन्योल भएको हो । प्रदेशलाई अधिकार हस्तान्तरण नगरिएकाले यो अवस्था देखापरेको हो ।

**संविधानसभाबाट संविधान जारी गरिने समयमा केही विरोधका आवाज सुनिन्थ्यो, अहिले त्यो मत्थर भएको हो कि सम्बोधन गर्नुपर्ने केही पक्ष छ ?**

गतिशील दस्तावेज संविधानको कार्यान्वयनमा भएको ढिलाइसँग जोडेर सकारात्मक र नकारात्मक दुवै कोणबाट प्रश्न र आवाज आइरहेका छन् । नकारात्मक धेरै ठूलो छैन । ती संविधानको छिटो पूर्ण कार्यान्वयनकै लागि आएका हुन् । संविधानको भावना र मर्मअनुरूप यताउता नगरी सरासर संघीयता कार्यान्वयन गर्न सक्नु नै अहिले हाम्रो प्रमुख चुनौती हो । संसद्ले कानुन बनाउन र सरकारले अधिकार दिन गरेको ढिलाइबाट यावत् प्रश्न उठेका हुन् । त्यसमा इमान्दारी देखाउन सक्नुपर्छ ।

**मुलुकमा जाति, भाषा, धर्म र भूगोलका आधारमा विविधता भएकाले सबका माग, मुद्दा एकैसाथ सम्बोधन हुन सक्लान् र ?**

संविधानमा व्यवस्था गरिएका विषय हुबहु लागू भएमा विरोधको स्वर कम हुन्छ । संविधान सबै दलको साझा दस्तावेज हो । विविधतायुक्त देश छ । सबको भावना सकेसम्म देखियोस् भनेर सम्बोधन गर्न कोसिस गरिएको छ, तैपनि केही कमी भइहाल्छ । हामी सबै मिलेर संविधान र संघीयताको पूर्ण कार्यान्वयनका लागि कोसिस गरिरहेकै छौं । पूर्णता सापेक्ष हुन्छ, निरपेक्ष पूर्णता खोज्नुहुन्न, त्यो सम्भव पनि छैन ।

**संविधान जारी भएपछि पनि मुलुकमा राजनीतिक स्थायित्व र विकासको लक्ष्य हासिल गर्न किन चुनौती भयो भन्ने लाग्छ यहाँलाई ?**

मुलुकमा राजनीतिक स्थायित्वबारे संविधान निर्माणका क्रममा पनि छलफल भएकै हो । पहिलो, सहमति र सहकार्यका साथ अघि बढौं भनी सहमतिको राजनीतिलाई अघि बढाएको भए छिटो फल प्राप्त गर्न सक्थ्यौं । दोस्रो, संविधानमै शासकीय स्वरूप र निर्वाचन प्रणालीमै स्थायित्व खोज्नुपर्थ्यो । ती दुवै नहुँदा अस्थिरता देखियो । मौकाको फाइदा उठाउनुपर्छ भनेर केही पक्षबाट संविधानमाथि लगातार आक्रमण भइरहेको छ । राजनीतिक दलले अबका दिनमा केही न केही सोच्नुपर्छ । मिलेर जाने कि संविधानमै त्यो व्यवस्था गरेर जाने भन्नेमा बहस हुनुपर्छ ।

**सडकमा देखिएका असन्तुष्टिलाई कसरी सम्बोधन गर्न सकिएला ?**

यो असन्तुष्टिले देश विकासमा बाधा पुगेको छ, हामीले सोचेको र संविधानले परिकल्पना गरेको काम भइरहेको छैन । बल्लतल्ल एउटा तयारी गऱ्यो फेरि अर्को नयाँ मानिस, दृष्टिकोण र सोच आएपछि अलमलमा पर्ने स्थिति छ । एउटा राजनीतिक दल वा नेताले पाँच वर्ष ढुक्कसँग सरकार चलाउन पाए देश र जनताका काम सरासर अघि बढ्थ्यो । राजनीतिक अस्थिरताले सबै क्षेत्र ढुलमुल भयो । यस्तो अवस्थामा सबै राजनीतिक दलले गम्भीरतापूर्वक छलफल गरी अघि बढ्नुपर्छ ।

**संविधानमै स्थिर खाले व्यवस्था गरेर पनि जान सकिन्छ भन्ने दृष्टिकोण आयो, त्यो भनेको के हो ?**

मेरो दल र हामीले संविधान निर्माणका बखत प्रत्यक्ष प्रधानमन्त्री वा कार्यकारी राष्ट्रपति प्रणालीमा जाऔं भनेका थियौं । यस प्रणालीले स्थायित्व प्रदान गर्छ, राम्रो हुन्छ । निर्वाचन प्रणाली पनि पूर्णसमानुपातिक भनेका थियौं तर भएन । हालको मिश्रितभन्दा पनि प्रत्यक्षमा समानुपातिक प्रतिनिधित्व गराउने व्यवस्था सोचौं । त्यसबेला सबैले आ-आफ्नो अडान छाडेर सहमतिकै लागि जोड बल पुऱ्याएका थियौं । अहिले पाइरहेको दुःख त्यसबेलाको उपज हो ।

**लोकतन्त्रमा हाम्रा होइन, राम्राको छनोट हुनुपर्छ, विषयविज्ञलाई योग्यता र क्षमताका आधारमा जिम्मेवारी दिइन्छ भन्ने थियो तर त्यो देखिएन नि ?**

अवसर र जिम्मेवारी दिने मामिलामा विकृति देखिएको छ, पवित्र उद्देश्य र विचार राखेर त्यतिबेला संविधानमा जे व्यवस्था गरियो, ठीकै थियो । यसमै खेलेर व्यवस्थाप्रति नकारात्मक सोच राख्न चाहने शक्ति विकृत बनाउन लागिपरे । समानुपातिकमा नातागोता ल्याएपछि उत्पीडनमा परेका वर्ग, समुदायले अवसर पाएनन् । समाजमा अवैज्ञानिक देखिएका विषय कानुन संशोधन गरेर हटाउनुपर्छ । राज्यमा पहुँच नभएका र पछि पारेका तथा प्रतिस्पर्धामा आउन नसक्नेलाई अवसर दिनुपर्नेमा छनोटमै उल्टापाल्टा भइरहेको छ । व्यवस्था र संविधानमा राखिएको प्रावधान नराम्रो होइन, तर कार्यान्वयनमा गडबडी भएको छ । चुनौतीलाई सम्बोधन गर्न बनेका कानुनको पुनरावलोकन गर्दै बाँकी छिटो बनाउनुपर्छ ।

**मुलुकका केही भागमा पछिल्ला दिनमा उठेका प्रश्न र सम्बोधन गर्ने बाटो के हुनसक्छ ?**

सरकारको स्थायित्व नहुनु र कानुन निर्माणमा उल्झन भएकै कारण धर्मनिरपेक्षताका विषयलाई लिएर केही घटनाको प्रयास भयो । नेपाली धर्मविशेषको अडान लिएर बस्ने जाति होइन, हामी सबै जातिका संस्कार, पर्व र संस्कृतिमा रमाउने मानिस हौं । त्यस्ता गतिविधि रोक्न धर्मनिरपेक्षतासम्बन्धी कानुन छिटो बनाइदिए हुन्थ्यो । संविधानमा लेखिएको छ, व्यवहारमा हामीले सबैलाई मानेकै छौं । नयाँ कानुन बनेको छैन, कर्मचारीले भएको कानुन पालना गर्न लगाउँछ । यस्ता गम्भीर विषयलाई कानुन बनाएर छिटो सम्बोधन गर्नुपर्छ ।

**राजनीतिक परिवर्तनका लागि लामो योगदान पुऱ्याएका दललाई चुनौती दिँदै भर्खरै जन्मिएकाहरू अघि आएका छन् नि ?**

समयले कसैलाई पर्खंदैन । जनता आफ्ना चाहना र आवश्यकताका लागि विकल्प खोजिरहेका छन् । त्यो सम्बोधन राजनीतिक दलले नै गर्ने हो । लामो समयदेखि विभिन्न बलिदान र तपस्या गरेर आएका दललाई छाडेर मिडियाका भरमा तथा प्रचारका आधारमा आएका राजनीतिक दल विकल्प हुन सक्दैनन् । विकल्प प्रमुख राजनीतिक दलले दिन सक्नुपर्छ ।

**निर्वाचनमा हारेका व्यक्तिलाई त्यही कार्यकालमा अर्को तरिकाबाट ल्याउने कार्य जनादेशविपरीत भएन र ?**

यो गलत अभ्यास हो, चुनावमा हारे पनि जनताको सेवा अरु ठाउँबाट गर्न सकिन्छ । पराजितलाई उत्तिखेरै पदमा ल्याउँदा जनताको अपमान हुन्छ ।

**अन्तर्राष्ट्रिय जगतमा पछिल्लो समय नेपालको छवि कस्तो पाउनुभएको छ ?**

नेपालले कुन शासन प्रणाली अवलम्बन गऱ्यो भन्ने हाम्रो आन्तरिक कुरा भयो । अन्तर ाष्ट्रिय समुदायबाट यसमा हस्तक्षेप हुनुहुँदैन तर भइरहेको छ । हामी आफैंले पनि अन्तर ाष्ट्रियस्तरमा एउटै आवाज र साझा धारणा राख्नुपर्छ । देश र जनहितलाई केन्द्रित गरी साझा परराष्ट्र नीति बनाएर अघि जाने वातावरण बनाउनुपर्छ । वीर गोर्खाली स्वाभिमानी भन्ने सन्देश दिनुपर्छ । नयाँ पुस्तामा देशप्रेमको भावना कमजोर छ । छिमेकमै पनि राष्ट्रियताका लागि एउटै आवाज प्रस्तुत गरेको देखिन्छ । आन्तरिक मामिला हामी आफैं समाधान गर्छौं भनेर एक स्वरले भन्नुपर्छ । अन्तर्राष्ट्रिय जगतमा बेलाबखत सरकार र दलबाटै पनि कमजोरी भएको देखिएको छ । नालापानीमा २२ दिनसम्म पानी नखाई बच्चालाई पिँठ्युमा बोकी लडेर जोगाएको देश हो, कसैलाई पनि हल्का रूपले बोल्ने छुट छैन । राष्ट्रियता र स्वाभिमानका विषयमा कडा कानुन बनाऔं ।

**सुशासनसँग जोडेर निर्वाचन खर्चिलो भयो, निष्ठाको राजनीति गर्ने बाहिरिए, निर्वाचन ठेकेदारका कब्जामा गयो भन्ने भनाइप्रति यहाँको मत ?**

सबैभन्दा पहिला हामीले निर्वाचन प्रणाली नै बदल्नुपर्छ । राजनीतिक दलले आफ्ना कार्यकर्ताको मूल्यांकन गर्नुपर्छ, चुनाव जित्नेमात्रै सही कुरा होइन । एउटा ठेकेदारले ५० करोड रूपैयाँ खर्च गरेर चुनाव जित्ला रे, किन जित्यो, केका लागि जित्यो, कुरा त बुझिन्छ नि । पैसाका आधारमा फचाट्ट समानुपातिकमा लाने प्रवृत्ति गलत छ, कानुन पुनरावलोकन गरेर अघि बढाउनुपर्छ । दुःख गरेकासँग मात्रै जनताको आवाज आउँछ । अहिले समुदाय विशेषका पहुँचवालामात्रै समानुपातिकमा आएका छन् । गरिबको बस्तीमा नपुग्नेले राजनीतिलाई धुमिल पारेका छन् ।

**संविधान दिवसका अवसरमा देशवासीलाई यहाँको केही सन्देश छ ?**

यस दिवसका अवसरमा नेपाली दाजुभाइ, दिदीबहिनीमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । संविधानले नेपाली विविधतालाई सम्बोधन गरेको छ । हामीले सधैं एकता, सहकार्य र सहमतिका साथ सहिष्णु भएर देशको हितका लागि साझा 'एजेण्डा' लिई अघि बढ्न यस दिवसले प्रेरित गरोस् भन्ने शुभकामना दिन चाहन्छु ।

पत्र-मञ्जुषा

# दसैं नजिकिँदा सहकारीका बचतकर्ताको हात खाली !

दसैंमा जोकोहीलाई नयाँ कपडा लगाउन तथा मिठा खानेकुरा खाने रहर हुन्छ । सँगै टीका लगाइदिएर वा लगाएर दक्षिणा दिन वा लिन मन लाग्छ । बच्चादेखि बूढासमेत दसैंमा रमाउँछन् । उनीहरू दसैं आउन केही महिनाअगावै रमाउन थाल्छन् ।

आफ्ना विदेश वा सहरमा भएका छोराछोरीहरू गाउँ आउने तथा छोराछोरीहरूले आमाबुबा भेट्न पाउनुका साथै सगै मिलेर रमाइलो गर्न पाउने हुँदा जोकोहीलाई दसैं मनाउन मनपर्छ । हामी हिन्दू नेपालीको सबैभन्दा ठूलो चाड दसैं नै हो । साथै, सबैभन्दा बढी पैसा खर्च हुने पनि दसैंमा नै हो ।

यसपालिको दसैं आउन एक महिनामात्र बाँकी छ । टाढा घर भएका मानिसहरूलाई गाउँ फर्किन हतार भइसकेको छ । तर, आफूले जीवनभर दुःख गरेर कमाएको पैसा आपत्विपद्मा काम लाग्छ भनेर सहकारीमा राख्दा फिर्ता पाइएको छैन । दसैं मनाउन गाउँघर जानका लागि पैसाको खाँचो परेर सहकारीमा बचत गरेको पैसा झिक्न जाँदा पाइँदैन ।

मानिसहरूले वर्षौंदेखि कमाएको राखेको पैसा सहकारीमा राखेका थिए । कुनै समस्या आइहाले पनि सहकारीबाटै रकम निकालेर जोहो गर्ने सोचमा उनीहरूले थिए । तर, अहिले दसैं नजिकिँदै गर्दा गाउँघर जानका लागि हतार हुँदा समेत सहकारीले उनीहरूको रकम फिर्ता गरेको छैन ।

एकातिर आफूले काम गर्ने ठाउँमा पनि साहु, संघसंस्था तथा कम्पनीले तलब दिएको छैन । उनीहरूले वर्षौं दिनदेखि तलबविहीन छन् । साथीभाइ, आफन्तजन, छरछिमेकसँग पैसा लिएर दसैं मनाउन घरगाउँ जाउँ भन्दा पनि उनीहरूको पनि सहकारीले पैसा खाइदिएर जात्रा छ ।

करोडौं जनताको खर्बौं रकम ३५ हजारभन्दा बढी सहकारीमा डुबेको छ । कति त भागिसकेका छन् त कति बचतकर्ताको रकम फिर्ता नगरे पनि सञ्चालनमा छन् । एउटा सहकारीमा एक बचतकर्ताले लाखदेखि करोड रूपैयाँसम्म बचत गरेका छन् । तर, रकम फिर्ता नपाएपछि उनीहरूको रुवाबासी भएको छ ।

अधिकांश सहकारीका सञ्चालकहरू रातारात मुलुक नै छोडेर भागेका छन् । नभागेका पनि लुकिछिपी हिँडेका छन् । कर्मचारीहरू भने धमाधम बसाइँसराइ गरिरहेका छन् । सहकारीको सम्पूर्ण कर्जा लगानी जोखिमपूर्ण क्षेत्रमा रहेको पाइएको छ । कृषि, उद्योग, कलकारखानामा लगानी गर्नुको साटो उनीहरूको घूसको लोभमा मिटरब्याज घरजग्गा, गाडी र सेयरमा लगानी गरे ।

तै पनि आनाको लाख रूपैयाँमा बिक्री नहुने खेतीयोग्य जमिनलाई १५ लाख कर्जा प्रवाह गरे । सय रूपैयाँ कित्ताको सेयर धितो राखेर २८ सय कर्जा दिए । अनि एक लाख नपर्ने गाडीमा २० लाख कर्जा लगानी गरे । बजारमा पछिल्लो समय घरजग्गा, गाडी र सेयरको कारोबारमा मन्दी आएको छ ।

यी वस्तुको मूल्यमा गिरावट आएको छ । जसका कारण लगानी डुबेपछि सहकारीका सञ्चालकहरूको पनि भागाभाग चल्यो । सहकारीमा बचत गरेका अधिकांशको घरमा निराशा छाएको छ । कतिपय महिला तथा बूढाबूढीहरूले परिवारलाई नसोधि सहकारीमा बचत गरेका थिए । तर, अहिले घरपरिवारले थाहा पाएपछि उनीहरूको घरमा दिनहुँजसो झैंझगडा हुन्छ ।

कतिपय लोग्ने-स्वास्नीको यसैकारण सम्बन्धविच्छेद भएको छ त कतिपय बूढाबूढी घरविहीन भएका छन् । उनीहरूलाई मर्नु कि बाँच्नु भइरहेको छ । अहिले आमनागरिकले सहकारीमा रकम बचत गर्न छोडेका छन् । भएको पनि भटाभट निकालेका छन् । सहकारीमाथि जनस्तरको विश्वास गुम्दै गइरहेको पाइन्छ । चाडबाड नजिकिँदै जाँदा आफ्नो बचत रकम झिक्न नपाउने चिन्तामा बचतकर्ताहरू छन् । आफ्नो पैसा भएर पनि बचतकर्ताले दुःख पाउनुपर्ने यो अवस्थाप्रति सरोकारवालाहरूको तत्काल ध्यान जाओस् ।

–अनुप राई, कुमारीपाटी

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# पर्यटकको आकर्षण केन्द्र बन्दै मनाङ



**मनाङ–** नेपालीहरूमा अहिले भ्रमण गर्ने प्रचलन बढ्दै गएको छ । यसले गर्दा पर्यटकीय स्थलको खोज, अनुसन्धान र स्थानीय पर्यटकीय क्षेत्रको पनि प्रवर्द्धन हुने गरेको छ । प्राकृतिक सौन्दर्यताले भरिपूर्ण हिमाली जिल्लामा पर्यटक आउने क्रम अझै बढ्दो छ । मनाङका विभिन्न स्थान नै प्राकृतिक छटाले भरिपूर्ण भएकाले यहाँ आउने पर्यटक बढ्दै गएको स्थानीय बताउँछन् ।

विगतमा बाह्य पर्यटक बढी आउने यस स्थानमा हाल आन्तरिक पर्यटकको पनि आगमन हुने गरेको अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना कार्यालय (एक्याप) मनाङले जनाएको छ । सो कार्यालयका अनुसार बाह्य पर्यटकको संख्या संकलन गर्ने भए पनि आन्तरिक पर्यटकको संख्या टिपोट गरिएको हुँदैन । बाह्य पर्यटकले पदयात्रा बढी मन पराउँछन् भने आन्तरिक पर्यटक सवारीसाधनमार्फत यहाँ आउने गर्दछन् । विदेशी पर्यटक पदयात्राकै क्रममा यहाँको मनमोहक दृश्यमा रमाउन रुचाउँछन् । विदेशीले बिरामी भएमा मात्रै सवारीसाधन प्रयोग गर्ने गरेको पाइएको एक्यापले जनाएको छ ।

पर्यटन व्यवसायी संघ मनाङका अध्यक्ष विनोद गुरुङले बेमौसममा कम मात्रामा यहाँ बाह्य पर्यटक आउने गरेको जानकारी दिए । उनले भने, 'याम सुरु भयो, अब पर्यटक आउने क्रम बढेको छ, बाह्यसँगै आन्तरिक पर्यटकको आगमन पनि बढ्ने क्रममा रहेको छ ।' अझै मध्य याममा यहाँ पर्यटक बढ्ने उनले बताए । मनाङ पर्यटकको 'हब'का रूपमा विकास हुँदै गएको गुरुङले बताए । मनाङ पर्यटकको हबमा विकास हुँदै गर्दा यहाँ पर्यटक रहनका लागि व्यवस्थापनमा स्थानीयको जोड छ ।

मनाङ ङिस्याङ गाउँपालिका-१ पिसाङ निवासी ७९ वर्षीय याङदुङ गुरुङले विदेशी पर्यटकसँगै यस याममा यहाँ आन्तरिक पर्यटक बढी आउने समय भएको बताए । उनले भने, 'पहिले विदेशीमात्रै हुन्थे, अहिले विदेशीसँगै नेपाली पर्यटक धेरै आउँछन्, मौसममा पिसाङमा रहेका ४८ होटल पूरै भरिन्छन् ।' याम सुरु भएकाले पर्यटक दैनिक रूपमा बढ्दै गएका उनले बताए ।

दैनिक रूपमा यहाँ पर्यटक आउने क्रम बढ्दै गएको छ । अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना कार्यालय (एक्याप) का प्रमुख ढकबहादुर भुजेलले दैनिक रूपमा मनाङमा पर्यटक आउने क्रम सुरु भएको जानकारी दिए । उनका अनुसार यहाँ दैनिक रूपमा ७० भन्दा बढी पर्यटकको आगमन हुने गरेको छ । उनले भने, 'विस्तारै यहाँ आउने पर्यटक बढ्दै गएका छन्, यहाँका होटल पूर्ण रूपमा भरिभराउ हुने गर्दछन् ।'

दुई सिजन गरी मनाङमा पर्यटक घुम्न आउने गर्दछन् । हिमाल, उच्च पहाडका दृश्यावलोकन, मनाङवासीको रीतिरिवाज, प्राकृतिक सुन्दरता अवलोकन गर्नुका साथै मनाङबाट थोरांला भञ्ज्याङ पार गरी कोही मुस्ताङ त कोही पोखरा जान अन्नपूर्ण पदमार्गमा पर्यटक आउने गर्छन् । अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङको बेँसीसहर नगरपालिका-७ मनांगे चौताराबाट पदयात्राको सुरुआत हुन्छ । अन्नपूर्ण पदमार्ग लमजुङसहित मनाङ, मुस्ताङ, म्याग्दी र कास्की गरी पाँच जिल्लामा जोडिएको छ । काठमाडौंदेखि बेँसीसहरसम्म सवारीसाधनमार्फत पर्यटक आउने गर्दछन् भने पदमार्गबाट मनाङका विभिन्न पर्यटकीयस्थलको अवलोकन गर्दै यात्राको सुरुआत गर्दछन् । *रासस*

# मानसिक स्वास्थ्यसम्बन्धी अभियान चलाइँदै

**बलेवा (बागलुङ)–** पछिल्लो समय आत्महत्याका घटना बढेकाले स्वास्थ्य कार्यालय बागलुङले सोसम्बन्धी अध्ययन गर्ने र न्यूनीकरणमा पहल गर्ने भएको छ । कार्यालयले आयोजना गरेको आर्थिक वर्ष २०७९/८० को समीक्षा कार्यक्रमपछि जारी घोषणापत्रमा सबै पालिकाले मानसिक स्वास्थ्यसम्बन्धी अभियान सञ्चालन गर्ने घोषणा गरेका हुन् । मानसिक समस्याका कारण आत्महत्या बढेका कार्यक्रममा सहभागी १० वटै पालिकाका स्वास्थ्य शाखा प्रमुख, स्वास्थ्यकर्मी तथा धौलागिरि अस्पतालका प्रतिनिधिले बताएका छन् ।

सतप्रतिशत खोपको मात्रा पुगेको जिल्ला बनाउने, आवश्यकताअनुसार खोप केन्द्र थप गर्नेलगायत विषय समेटेर २२ बुँदे घोषणापत्र जारी गरिएको कार्यालयका प्रमुख प्रविण शर्माले बताए । उनका अनुसार घोषणापत्रमा बालमैत्री जिल्ला बनाउने अभियानमा स्वास्थ्यकर्मीको भूमिका महत्त्वपूर्ण हुने भन्दै त्यसबारेका सूचक पूरा गर्न सधैं तयार रहने उल्लेख गरिएको छ ।

स्वास्थ्य संस्थामा रेकर्ड पद्धति व्यवस्थित बनाउने भन्दै प्रमुख शर्माले सबै पालिकाले विद्युतीय रेकर्ड पद्धति बसाल्दा यकीन तथ्यांक प्राप्त हुने र बाल स्वास्थ्यमा सुधार ल्याउन सकिने बताए । उनका अनुसार हरेक स्वास्थ्य संस्थामा रहेका खोप बचाउन 'कोल्ड चेन' पद्धतिलाई प्रभावकारी बनाउने सहभागीले घोषणा गरेका छन् ।

'कोल्ड चेनमा एक मिनेट पनि खराबी आयो भने खोपले काम गर्दैन,' शर्माले भने, 'बरु कार्यालय सञ्चालनमा कर्मचारी नभए पालो गरौं, कोल्ड चेन बिग्रियो भने उपचार गरेको अर्थ हुँदैन ।' हेपाटाइटिस बीलगायतका रोगविरुद्धको खोप माइनसमा राख्न नसकेमा काम नगर्ने हुँदा बिरामी निको नहुने उनले बताए । त्यस्तै अन्य रोगमा पनि तोकिएकै तापक्रम हुनुपर्नेमा कार्यालय सहयोगीको भरमा छाडियो भने करोडौं लगानी डुब्ने र उपचार पनि प्रभावहीन हुने स्वास्थ्यकर्मीको ठहर छ ।

उक्त अवसरमा स्वास्थ्य कार्यालयले बागलुङका १० पालिका र सबै स्वास्थ्यचौकीको आन्तरिक मूल्यांकन गरेको थियो । मूल्यांकनमा बडिगाड गाउँपालिकाको स्वास्थ्य शाखा प्रथम भएको छ । त्यस्तै बडिगाडकै आधारभूत स्वास्थ्य सेवाकेन्द्र खरवाङले उत्कृष्ट संस्थाको पुरस्कार पाएको छ ।

कार्यसम्पादनतर्फ तमानखोलाको बुंगादोभान स्वास्थ्यचौकी द्वितीय, निसीखोलाको बोहोरागाउँ स्वास्थ्य चौकी तृतीय र गलकोट नगरपालिकाको हटिया स्वास्थ्यचौकी सान्त्वना भएका छन् । पालिकातर्फ भने तमानखोला गाउँपालिका द्वितीय र गलकोट नगरपालिका तृतीय भएका छन् । संस्थामा उत्कृष्ट ब्यानर तथा पोस्टर बनाएर राखेको भन्दै गलकोट नगरलाई प्रथम पुरस्कार दिइयो । बागलुङ नगरपालिका द्वितीय, तमानखोला तृतीय र बडिगाड गाउँपालिका सान्त्वना भएका थिए । *रासस*


**Sudurpaschim Province Government**
**Ministry Of Land Management, Agriculture & Cooperatives**
**Directorate of Livestock and Fisheries Development**
**Dipayal, Doti**

**INVITATION FOR THE SEALED QUOTATION/ BIDS**

***Date of First Times publication: September 18th, 2023 (2080/06/01)***

1. Directorate of Livestock and Fisheries Development invites sealed bids for the below mentioned Works from eligible bidders.

| S.N. | Invitation for Bid Number | Description of Work | Total Project Cost Excluding VAT (NRs) | Bid Security (NRs) | Bid Document Price (NRs) |
|---|---|---|---|---|---|
| 1 | 02/ DOLFD/2080/081 | Construction of Boundry Wall, Earth Filling & Shade For Generator at Directorate of Livestock and Fisheries Development Centre Geta, Kailali | 16,86,506.69 | 43,000/- | 1000.00 |

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Directorate of Livestock and Fisheries Development, Dipayal, Doti, Email: ***dolfdoti@gmail.com***, Phone no. ***+977-094-440146***. or may visit PPMO e-GP system ***www.bolpatra.gov.np/egp.***

   **Information to deposit the cost of Bidding Document in Bank:**

   **Name of the Bank:** RastriyaBanijya Bank, Silgadhi, Doti

   **Name of Office:** Directorate of Livestock and Fishery Development, Sudurpashchim Province, Dipayal – Doti

   **Deposit Account no.:** 1000100200010000 **Office Code No:** 3120271017 **Revenue Head no.:** 14229

2. Sealed Quotations must be submitted to Directorate of Livestock and Fisheries Development, Dipayal, Doti by hand/courier on or before 12:00 Noon on 2080/06/16 (Oct 3rd, 2023). Quotations /Bids received after this deadline will be rejected.
3. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Hours on 2080/06/16 (Oct 3rd, 2023) for Sealed Quotation at the office of Directorate of Livestock and Fisheries Development, Dipayal, Doti. Bids must be valid for a period of 45 (Fouty Five Days) after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid.
4. If the last date of purchasing, submission and opening falls on a government holiday, then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
5. In case of discrepancy or error in Tender notice, Quotation document and other document of Road Construction works mentioned above reserves right to amend, correct at any time. Such amendment and correction shall be published in the notice board of the Directorate of Livestock and Fisheries Development, Dipayal, Doti.

**Director**



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-JOUF GENERAL SERVICES CO

पूर्व स्वीकृति मिति : २०८०/०५/३१ LT. No. 292597 चलानी नं. ६०२०७८३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEAN WORKER | 0 | 5 | 1200 | ४३,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज ८ गते (25th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68

New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com



## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PRESTIGE GENERAL SERVICES LLC

पूर्व स्वीकृति मिति २०७९/०७/२८ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०५/३१ LT. No. 275124 चलानी नं. ६०१९१३४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 22 | 0 | 800 | २८,८८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Loaders/ Helpers | 22 | 0 | 800 | २८,८८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज ८ गते (25th Sep. 2023) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

(डि. के. रिभर ओभरसिज प्रा.लि)
**DK RIVER OVERSEAS (P.) LTD.**
Govt.Lic. No. 1102/073/074
Tokha-09, Gangabu, Kathmandu,
Tel : 01-4980932/4982214/4955132
Mobile : 9851219532 Email : dkriverhr@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAAD ABDULLAH ABDULAZIZ AL-MADHI LAND TRANSPORTATION

पुर्व स्वीकृति मिति २०८०/०३/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/३१ LT. No. 288449 चलानी नं. ६०२०३९५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 7 | 0 | 1800 | ६३,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज ८ गते (25th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LONGMA PAPER INDUSTRY SDN. BHD.

पूर्व स्वीकृति मिति २०८०/०५/२९ LT. No. 292388 चलानी नं. ६०२०७८००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज ८ गते (25th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. ६१३/०६२/०६३
Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, 9851054401, 9765229376



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KAWALAN KESELAMATAN BUMIJAYA (M) SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०५/३१ LT. No. 292661 चलानी नं. ६०२०७८२४

| | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 37 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज ८ गते (25th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Global Recruitment Group Pvt.Ltd.**
(BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)
License No. : 1535/078/079
Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484, 9801193079, 9801193078
Branch Office Pokhara: 9802854870, Branch Office Chitwan: 9857037097
Email : Doc@grgnepal.com.np

# प्रभाव दैनिक

रूपशाला

सोमबार, १ असोज २०८० (Monday, September 18, 2023)


### 'मायावी'मा जोडिइन् करिश्मा

अभिनेत्री करिश्मा श्रेष्ठ निर्माणाधीन नेपाली फिल्म 'मायावी'मा अनुबन्धित भएकी छन् । दिवाकर भट्टराईको निर्देशनमा बन्ने उक्त फिल्मका लागि मुख्य नायिकामा दीपिका प्रसाईं र मुख्य नायकमा पल साह तथा सुशील सिटौला अनुबन्धित भइसकेका छन् । निर्माण पक्षले करिश्मालाई नायिकाका रूपमा अनुबन्ध गरेको हो । यसअघि नवनायकका रूपमा 'म्यान हन्ट इन्टरनेसनल नेपाल २०१६'का विजेता समिम खान अनुबन्धित भइसकेका छन् । फिल्म 'एउटा साथी'बाट नेपाली रजतपटमा डेब्यु गरेकी करिश्माले यो फिल्मपछि 'लभ सब' र 'बाबु कान्छा'मा अभिनय गरेकी छन् ।



## मल्लिकालाई सर्वोत्कृष्ट गायिकाको अवार्ड




■ प्रभाव संवाददाता

**काठमाडौं–** बक्स अफिस इन्टरनेसनल ग्रुपको आयोजनामा सम्पन्न भएको नेसनल बक्स अफिस तीज म्युजिक अवार्ड-२०८० मा गायिका मल्लिका कार्की सर्वोत्कृष्ट गायिका घोषित भएकी छन् । उनले 'रातै सारी रातै चुरा' बोलको तीज गीतका लागि उक्त अवार्ड जितेकी हुन् ।

प्रतिद्वन्दी एलिना चौहानको सुपर हिट तीज गीत 'कसले देख्यो र २० वर्ष पाखुरी माइतीलाई दिएको' बहुचर्चित तीज गीतलाई पछि पार्दै अवार्डको हकदार बनिन् । यो समाचार तयार पार्दासम्म पाँच करोड भ्युज भएको रातै सारी रातै चुराबाट संगीतकार ताराप्रकाश लिम्बूले 'कसले देख्यो र २० वर्ष पाखुरी माइतीलाई दिएको' गीतका संगीतकार दीपक शर्मालाई पछि पार्दै अवार्ड हात पारेका छन् । संगीतकार शर्माले संगीततर्फ अवार्ड नजिते पनि वर्षको सर्वोत्कृष्ट गीतकारमा यही तीज गीतबाट सर्वश्रेष्ठ गीतकार बनेका छन् ।

त्यस्तै यो वर्षको तीजको सुन्दर म्युजिक भिडियो रातै सारी रातै चुराबाट उत्कृष्ट सम्पादनमा मिलन विश्वकर्मा, छायाँकारमा हरि हुमागाइले एक दर्जन प्रतिस्पर्धीलाई पछि पार्दै अ-आफ्नो विधामा अवार्ड हात पारे । वर्षको उत्कृष्ट तीज मोडल कसले देख्यो र तीज गीतकी मोडल अञ्जली अधिकारी बनिन् । उनले नायिका नीता ढुंगाना, रेजिना उप्रेती, दीपाश्री निरौलालाई पछि पार्दै तीज अवार्डको उत्कृष्ट मोडलमा चुनिएकी हुन् ।

उत्कृष्ट नृत्य निर्देशक स्मृति तिमिल्सिना बनिन् । कूल ७३ वटा तीज म्युजिक भिडियोलाई पछि पार्दै शंकर बिसीले तीजको रहर रातै सारी रातै चुराबाट उत्कृष्ट भिडियो निर्देशकको अवार्ड हात पारे ।

अवार्ड कार्यक्रममा स्वास्थ्यकर्मी कमला थापा र चलचित्र निर्माता वितरक रत्न श्रेष्ठलाई पनि सम्मान गरिएको थियो । कार्यक्रममा कलाकार निर्माता आरके मानन्धर, रामभक्त श्रेष्ठ, चेतनाथ दंगाल, अमर वलि, हरिचन्द्र फुयाल, सुमित्रा अधिकारी, रामशरण श्रेष्ठ, किरण श्रेष्ठ, राविन्द्रकुमार थिङलगायतलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा निर्णायकमण्डल वरिष्ठ निर्माता किशान पोखेल, निर्देशक सत्यराज चौलागाई, कलाकार केदार खड्का, निर्देशक शिव घिमिरे, नृत्य निर्देशक प्रदीप डंगोललगायत थिए ।

## दशौं छायाँछवि तीज म्युजिक अवार्ड वितरण



**काठमाडौं (प्रस)–** 'दशौं छायाँछवि तीज म्युजिक अवार्ड-२०८०' सम्पन्न भएको छ । विगत १० वर्षदेखि आयोजना हुँदै आएको उक्त अवार्ड शनिबार राष्ट्रिय नाचघर जमलमा सम्पन्न भएको हो ।

छायाँछवि क्रियसनका अध्यक्ष शान्तिप्रियले नेपाली मौलिक परम्परा विशेषगरी हिन्दू महिलाहरूको महान चाड तीजको अवसर पारेर आयोजा गरिँदै आएको तीज म्युजिक अवार्डका माध्यमबाट कलाकारहरूलाई आफ्नो क्षेत्रमा क्रियाशील रहनका लागि थप प्रोत्साहन मिल्ने बताए । चाडवाडको नाममा हुने विकृति विसंगति रोक्दै मौलिक परम्परा जोगाउने किसिमका गीतसंगीतहरू नेपाली दर्शक तथा श्रोताहरू माझ पस्कन कलाकारहरूलाई थप ऊर्जा मिलोस् भन्ने उद्देश्यका साथ अवार्डको आयोजना गरिँदै आएको उनले बताए ।

तारकेश्वर नगरपालिकाकी उपमेयर सिर्जना बुर्लाकोटी अर्यालले तारकेश्वर नगरपालिकाले पनि आगामी दिनमा कलाकारहरूलाई प्रोत्साहन गर्नका लागि विभिन्न किसिमका कार्यक्रमहरू ल्याउने तयारी भइरहेको बताइन् । तीज भनेको हिन्दू नेपाली नारीहरूको मौलिक चाड भएकोले यसको महत्त्व अन्य चाडहरूको भन्दा फरक रहेको उनको भनाइ थियो । 'हामीले आफ्नो परम्परालाई जोगाउन तथा निरन्तरता दिनका लागि आ-आफ्नो हैसियतअनुसार भड्किलो नबनाई मनाउन सम्पूर्ण महिला दिदीबहिनीहरूलाई आग्रह गर्दछु,' उनले भनिन् ।

कार्यक्रममा चलचित्र निर्देशक तथा तीज म्यूजिक अवार्ड समारोहका निर्देशक माधव खरेलले १० वर्ष अगाडिदेखि आयोजना हुँदै आएको यस कार्यक्रमले मौलिक परम्परालाई जोगाउने मूलः उद्देश्य लिएको बताए । यस्ता किसिमका कार्यक्रमहरूलाई व्यावसायीकरण गर्नुभन्दा पनि हाम्रो आफ्नो कला संस्कृति जोगाउनतर्फ सबैले ध्यान दिन उनले आग्रह गरे ।



**एसिया कप**

## भारतले जित्यो एसिया कपको उपाधि




■ प्रभाव संवाददाता

**काठमाडौं–** भारत आठौंपटक एसिया कप क्रिकेटको च्याम्पियन बनेको छ । आइतबार भएको फाइनल खेलमा घरेलु टोली श्रीलंककामाथि १० विकेटको सहज जित हात पार्दै भारतले आठौंपटक एसिया कप क्रिकेटको उपाधि हात पारेको हो ।

कोलम्बोमा टस जितेर पहिले ब्याटिङ रोजेको श्रीलंका १५.२ ओभरमा जम्मा ५० रन बनाएर अल आउट भएको थियो । जितका लागि पाएको ५१ रनको झिनो लक्ष्य भारतले विना विकेट क्षति भेट्टायो । भारतलाई जित दिलाउन इशान किसनले २३ र शुभमन गिलले २७ रन बनाए ।

भारतका मोहम्मद सिराज एक्लैले छ विकेट लिए । हार्दिक पाण्डेले तीन र जसप्रित बुमराहले एक विकेट हात पारे । सिराजले सात ओभरमा एक मेडन राख्दै २१ रन खर्चेर छ विकेट लिएका हुन् । हार्दिकले २.२ ओभरमा तीन रनमात्र खर्चेर तीन विकेट लिए । बुमराहले पाँच ओभरमा एक मेडनसहित २३ रन खर्चेर एक विकेट लिए ।


श्रीलंकाका लागि कुशल मेन्डिसले सर्वाधिक १७ रन बनाए । दुशान हेमन्था १३ रनमा अविजित रहे ।

## 'दसैं रन फर गुड हेल्थ' २७ असोजमा

**काठमाडौं (प्रस)–** हरेक वर्ष हिन्दूहरूको महान चाड वडा दसैंको घटस्थापनाभन्दा अघिल्लो शनिबार सञ्चालन हुँदै आएको 'उज्ज्वल तारा दसैं रन फर गुड हेल्थ'को सातौं संस्करण आउँदो असोज २७ गते शनिबार हुने भएको छ ।

उज्ज्वल तारा स्कुल काँडाघारीले आयोजना गर्दै आएको पाँच किलोमिटर दूरीको दौडको तयारीबारे उज्ज्वल तारा स्कुलमा शनिबार हालसम्मको तयारीबारे जानकारी दिइयो ।

विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष गायत्री कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा खेलाडी, स्थानीय वडाका जनप्रतिनिधि, प्रहरी अधिकारी, स्थानीय समाजसेवी तथा पत्रकारहरूको सहभागिता थियो । दौडका संयोजक एवं नेपाली सेनाका महासेनानी विष्णु कार्कीले दौडको तयारीबारे जानकारी दिँदै गत वर्षमाझैं यो वर्ष पनि विभिन्न सातवटा उमेर समूहको विधामा प्रतियोगिता



आयोजना गरिने बताए ।

महासेनानी कार्कीका अनुसार प्रतियोगितामा खुलातर्फ १८ वर्षभन्दा माथिका उमेर समूहको महिला र पुरुष गरी दुई विधा, अभिभावकतर्फ पुरुष र महिला गरी दुई विधा, युगल जोडीको एउटा विधा र ५५ वर्ष उमेर माथि समूहको पुरुष र महिला दुई विधा गरी सातवटा विधा रहनेछ ।

दौडका विजेताहरूलाई विधाअनुसार नगद, ट्रफी, पदक र प्रमाणपत्रको साथै पोखरा र चितवनका तारे होटेलहरूमा एक रात खानेबस्ने सुविधासहितको उपहार रहेको महासेनानी कार्कीले बताए ।

कार्कीका अनुसार दौडमा सहभागी हुन प्रत्येक सहभागीले दर्ता शुल्कबापत ३५० रूपैयाँ तिर्नुपर्ने र त्यसरी संकलन भएको सबै रकम वरिष्ठ मुटुरोग विशेषज्ञ डा.भगवान कोइरालाले स्थापना गर्न लागेको गैरनाफामूलक 'बाल मुटुरोग अस्पताल'लाई हस्तान्तरण गरिनेछ ।

## एलपिएल क्रिकेट प्रतियोगितामा १६ टोली

**सुदूरपश्चिम (प्रस)–** धनगढीमा आयोजना हुने लिटल फ्लावर प्रिमियर लिग (एलपिएल) सिनियर टी-२० क्रिकेट प्रतियोगितामा सहभागी हुने टोलीको टुंगो लागेको छ । आयोजक लिटिल फ्लावर स्पोर्ट्स क्लब धनगढीका अध्यक्ष रामचन्द शाहीले प्रतियोगितामा देशभरिका १६ टोलीको सहभागिता हुन लागेको जानकारी दिए ।

आठौं संस्करणको उक्त प्रतियोगितामा क्रिकेट एक्सिलेन्स सेन्टर (काठमाडौं), गरुडा नगरपालिका (हेटौंडा), लिटिल एन्जल्स बोर्डिङ स्कुल (दाङ)को टोली सहभागी हुन लागेका छन् ।

यसैगरी कञ्चनपुरको शुक्लाफाँटा ब्ल्याकबक्स फाउन्डेसन, जेएस स्पोर्ट्स सुपर स्टार, खप्तड इन्डोर स्पोर्ट्स सेन्टर, कैलालीको घोडाघोडी क्रिकेट एकेडेमी, सत्यवादी क्रिकेट एकेडेमी, कैलाली बहुमखी क्याम्पस, सुदूरपश्चिममाञ्चल क्याम्पस, लिटिल फ्लावर बोर्डिङ स्कुल, जिल्ला क्रिकेट क्लब कैलाली, धनगढी स्पोर्ट्स क्लब, युथ अफ टीकापुर, धनगढी क्रिकेट एकेडेमी र शारदा मावि धनगढीको टोली पनि सहभागी हुन लागेका छन् ।

धनगढीको फाप्ला क्रिकेट मैदानमा आगामी मंसिर पहिलो साता प्रतियोगिताको आयोजना गर्नेगरी तयारी थालिएको क्लबका अध्यक्ष शाहीले बताए । प्रतियोगिताको विजेतालाई दुई लाख ५५ हजार ५५५ रूपैयाँ तथा उपविजेतालाई एक लाख २८ हजार रूपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गर्ने व्यवस्था गरिएको छ ।

यस्तै प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई १५ हजार रूपैयाँ, बेस्ट ब्याटर र बलरलाई जनही सात हजार र उदीयमान खेलाडीलाई पाँच हजार रूपैयाँ पुरस्कारको व्यवस्था गरिएको छ । प्रत्येक खेलको 'प्लेयर अफ द म्याच' घोषित हुनेले एक हजार ५०० रूपैयाँ पुरस्कार प्राप्त गर्ने जनाइएको छ ।

# ताइवानमाथि चीनको बढ्दो दबाब

**ताइपेई–** ताइवानमाथि निरन्तर सैन्य एवं कूटनीतिक दबाब बढाएको चीनले अब मनोवैज्ञानिक दबाब पनि बढारहेको छ । स्वशासित ताइवानलाई आफूबाट छुट्टिएको प्रान्तको रूपमा लिएको बेइजिङले ताइपेइमाथि पुनःनियन्त्रण कायम गर्ने मनसुवा निरन्तर व्यक्त गर्दै आएको छ ।

चीनका राष्ट्रपति सी चिनफिङले ताइवानसँग पुनःएकीकरण हुनैपर्नेमा जोड दिँदै आएका छन् भने देशको पुरानो प्रान्तलाई मुख्यभूमिमा गाभ्न आवश्यक परेमा बल प्रयोग गर्न पछि नपर्ने चेतावनी पनि दिँदै आएका छन् । यद्यपि आफ्नै संविधान र प्रजातान्त्रिक रूपमा निर्वाचित सरकार भएको ताइवानले आफूलाई चिनियाँ मुख्यभूमिभन्दा पृथक मान्दै आएको छ ।

चीनले आइतबार बिहानैदेखि ताइवान वरिपरि २८ वटा लडाकु विमान उडाएको छ । ताइवानी अधिकारीहरूका अनुसार अधिकांश ती विमानले ताइवान र चीनको मुख्य भूमिलाई छुट्याउने जलमार्गको मध्य रेखा पार गरेर स्वशासित टापुको दक्षिणपूर्व र दक्षिणपश्चिम हवाई प्रतिरक्षा क्षेत्रमा प्रवेश गरेका छन् ।

चीनले लामो दूरीका अभ्यास र तालिम 'मिसन' सञ्चालन गरिरहेको तथा तिनले ताइवानी रक्षा स्थितिको निगरानी गरिरहेका ताइवानको रक्षा मन्त्रालयले एक विज्ञप्ति निकालेर जनाएको छ । पछिल्ला चिनियाँ गतिविधिले बेइजिङ र ताइपेईको सम्बन्ध अनपेक्षितरूपमा चिसिएको छ ।

गत हप्ता साता पनि चिनियाँ लडाकु विमान र जहाज ताइवानी जलक्षेत्र र आकाशमा बारम्बार उडाइएका थिए । बेइजिङले यस महिना ताइवान 'स्ट्रेट'बाट संयुक्त राज्य अमेरिका र क्यानडाका दुईवटा जहाज पार भएपछि बेइजिङले आफ्ना सेनाहरूलाई उच्च सतर्कतामा रहन निर्देशन दिएको बताइएको छ । ताइवानको रक्षा मन्त्रालयले गत बुधबार र बिहीबार बिहान पनि टापुको वरिपरि ६८ चिनियाँ विमान र १० नौसैनिक जहाज निरन्तर उडाएर निगरानी गरेको बताएको थियो । गत डिसेम्बर प्रायः दैनिक रूपमा चीनले ७० भन्दा बढी लडाकु विमान ताइवान वरपर उडाएको थियो ।

गत अप्रिलमा ताइवानका राष्ट्रपति साई इंगवेनले क्यालिफोर्नियामा अमेरिकी सभामुख केभिन म्याकार्थीलाई भेटेपछि बेइजिङले ताइपेईमाथि एक किसिमको घेराबन्दी गरेर सैन्य अभ्यास गर्दै आएको छ । अमेरिकासँग नजिक रहेको ताइपेईमाथिको बेइजिङको दबाब सामान्य भएको सैन्य विश्लेषकहरू बताउँछन् । *रासस/एएफपी*

लिबिया बाढी

# डेर्नामा मात्र १३ सय जनाको मृत्यु

**वासिङ्टन–** लिबियामा ड्यानियल आँधीसँगै परेको मुसलधारे वर्षाले भीषण बाढी निम्त्याउँदा ज्यान गुमाउनेको संख्या विरोधाभासपूर्ण आइरहेका बेला पूर्वी सहर डेर्नामा मात्र ११ हजार ३०० जनाले ज्यान गुमाएका संयुक्त राष्ट्रसंघले जनाएको छ ।

लिबियाको रेड क्रिसेन्टलाई उद्धृत गर्दै संयुक्त राष्ट्रसंघले अद्यावधिक गरेको विवरणअनुसार उक्त सहरका १० हजार १०० जना अझै बेपत्ता छन् भने डेर्नाबाहेक अन्यत्र १० हजार ७० जनाको मृत्यु भएको छ ।

खोज तथा उद्धार टोली पीडितलाई जीवित फेला पार्ने आशमा हिलोमा खनिखोस्री तथा भग्नावशेषमा खोजी गरिरहेकाले मृतकको संख्या अझ बढ्ने अपेक्षा गरिएको उक्त विश्वसंस्थाले बताएको छ । यसअघि विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)का अधिकारीहरूले तीन हजार ९९८ शव भेटिएका जनाएको थियो ।

गत आइतबार दिउँसो आँधी आएसँगै मुसलधारे वर्षा हुँदा दुईवटा नदीमा बाँधिएका दुई वटा बाँध भत्केपछि बाढीले गाउँ-सहरका भवन र तिनमा बसेका सबैलाई बगाएको थियो । बाढीको विनासबाहेक डेर्नामा केही देखिँदैन । सामाजिक संघसंस्थाका प्रतिनिधि हिलोमा पुरिएका लाश निकाल्न र तिनको व्यवस्थापनमा व्यस्त छन् । डेर्नामा मानवीय अवस्था भयावह रहेको तथा पिउने पानीको गम्भीर समस्या भएको उद्धारकर्मीहरूले बताएका छन् ।

बाढीबाट सर्वाधिक प्रभावित पूर्वी सहर डेर्नामा कम्तीमा ३० हजार लिबियाली घरबारविहीन भएका आप्रवासनसम्बन्धी अन्तर र्राष्ट्रिय संगठन (आइओएम)ले गत शुक्रबार बताएको थियो । ९० हजार जनसंख्या भएको डेर्नामा अहिले जतातत्तै शवमात्र छरिएका र उद्धारकर्ता एवं सामाजिक संघसंस्थालाई शव व्यवस्थापन ज्यादै चुनौतीपूर्ण बनेको छ । सुडान र इजिप्टका ४०० विदेशीको पनि बाढीमा मृत्यु भएको छ ।

यसैबीच, पूर्वी लिबियाको बन्दरगाह सहर डेर्नाका प्रमुख अब्दुलमेनम अल-गैथीधच अनुसार बाढीमा परी १८ हजारदेखि २० हजार मानिसको मृत्यु भएको छ । दुईवटा बाँध फुट्दा डेर्ना नगर र आसपासका जिल्लाका बासिन्दाको तथ्याङ्कमा आधारित भएर उनले त्यति धेरै लिबियालीले ज्यान गुमाएको बताएका हुन् । डेर्ना र वरपरका जिल्लामा भएको अकल्पनीय विनाशका आधारमा मृतकको संख्या २० हजारको हाराहारीमा पुगेको अल-अरेबिया टिभीलाई उनले बताएका छन् । *रासस/एएफपी*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : K.N.L. FOUNDRY SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०५/३१ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०५/३१ | LT. No. 272069 | चलानी नं. ६०१८७७२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 11 | 0 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज ८ गते (25th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**कैलाश इन्टरनेशनल म्यानपावर प्रा.लि.**
श्रम ईजाजत नं. ३१७/०५९/०६०
सामाखुसी-२६, काठमाडौं, फोन नं. : ४९५७७३४, ४९८१९२२, ४९८३९४४,
Email: kailashmanpower@gmail.com, Web: www.kailashmanpower.com.np

## मलेसिया/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KOKO FURNITURE MANUFACTURER SDN.BHD.

पूर्व स्वीकृति मिति २०८०/०३/१० | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०५/३१ | LT. No. 288441 | चलानी नं. ६०२०३६८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 5 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : FERROPAN OILFIELD SERVICE & SUPPLIES LLC

पूर्व स्वीकृति मिति: २०८०/०३/०८ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०५/३१ | LT. No. 288314 | चलानी नं. ६०२०३५९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Black Smith | 57 | 0 | 1200 | ४२,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Labourer | 230 | 0 | 900 | ३२,१४० | | | | | | | |
| 3 | Carpenters | 20 | 0 | 1200 | ४२,८५० | | | | | | | |
| 4 | Civil Engineer | 10 | 0 | 6000 | २१४,२५५ | | | | | | | |
| 5 | Construction Carpenter | 35 | 0 | 1200 | ४२,८५० | | | | | | | |
| 6 | Electricians | 3 | 0 | 1200 | ४२,८५० | | | | | | | |
| 7 | Filling Clerk | 20 | 0 | 1200 | ४२,८५० | | | | | | | |
| 8 | Mechanical Engineer | 5 | 0 | 6000 | २१४,२५५ | | | | | | | |
| 9 | Painter Assistant | 18 | 0 | 1100 | ३९,२८० | | | | | | | |
| 10 | Painters | 30 | 0 | 1200 | ४२,८५० | | | | | | | |
| 11 | Plumbers | 2 | 0 | 1200 | ४२,८५० | | | | | | | |
| 12 | Scaffolders | 80 | 0 | 1300 | ४६,४२० | | | | | | | |
| 13 | Scaffolding Supervisor | 39 | 0 | 2500 | ८९,२७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज ८ गते (25th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MINAWA RECRUITMENT H.R. PVT LTD**
MINAWA RECRUITMENT HR PVT LTD
Govt.Lic.No- 1168/073/074
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: 9843030000, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EDGE GROUP FOR MARITIME SECURITY SERVICES CO. LLC

पूर्व स्वीकृति मिति २०८०/०५/३१ | LT. No. 292646 | चलानी नं.६०२०७८३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 12 | 0 | 2000 | ७२,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज ८ गते (25th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd.**
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955
Mobile No.9840806449, 9823025516 E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : YU HAO ENTERPRISE

पूर्व स्वीकृति मिति २०८०/०५/३१ | LT. No. 292655 | चलानी नं. ६०२०७८१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production, Harvesting & Post Harvesting | 4 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय ललितपुरमा मितिः २०८० असोज ८ गते (25th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BRANCH OF ABDUL LATIF AL-HUMIN CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८०/०३/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/३१ | LT. No.289168 | चलानी नं. ६०२०४५३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Mechanic | 1 | 0 | 1500 | ५३,०३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Equipment Mechanic | 2 | 0 | 1800 | ६३,६३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ १९ गते (5th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NOOR TRADING & INDUSTRY CO S.P.C.

पूर्व स्वीकृति मिति २०८०/०५/३१ | LT. No. 292623 | चलानी नं. ६०२०७८१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 2 | 0 | 125 | ५३,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 1 | 0 | 155 | ६६,६९५ | | | | | | | |
| 3 | Cleaner | 10 | 0 | 85 | ३६,५७५ | | | | | | | |
| 4 | Cook | 2 | 0 | 155 | ६६,६९५ | | | | | | | |
| 5 | Heavy Vehical Driver | 5 | 0 | 180 | ७७,४५५ | | | | | | | |
| 6 | Helper | 10 | 0 | 85 | ३६,५७५ | | | | | | | |
| 7 | Labour | 10 | 0 | 85 | ३६,५७५ | | | | | | | |
| 8 | Light Vehicle Driver Gcc | 5 | 0 | 180 | ७७,५७५ | | | | | | | |
| 9 | Office Boy Tea Boy | 2 | 0 | 95 | ४०,८८० | | | | | | | |
| 10 | Recepionist | 2 | 0 | 135 | ५८,०९० | | | | | | | |
| 11 | Sales Person | 2 | 0 | 135 | ५८,०९० | | | | | | | |
| 12 | Secretary | 1 | 0 | 180 | ७७,४५५ | | | | | | | |
| 13 | Security Guard Life Guard | 2 | 0 | 125 | ५३,७९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज ८ गते (25th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**KANCHAN HUMAN RESOURCES MANAGEMENT PVT. LTD.**
Govt. License 593/062/63
(Nearby International Airport, Next to Hotel Hema) Sinamangal-9, Kathmandu, Nepal
Telephone: 014564708, Mobile: 9851078211, 9851080486

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MICRO CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८०/०५/२९ | LT. No. 292608 | चलानी नं. ६०२०७७६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 30 | 10 | 800 | २८,८८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 3 | 0 | 1500 | ५४,१५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज ८ गते (25th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**BLACK PEARL INTERNATIONAL PVT. LTD.**
Govt. License 1568/079/08
Battisputali-9, Kathmandu, Contact: 01-15919419, 9841271962, 9808865460
Email: director@blackpearlinternational.com.np, Web: blackpearlinternational.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MOTIQAD CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८०/०२/२५ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०५/३१ | LT. No. 287446 | चलानी नं. ६०२०२८५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehouse Specialist | 1 | 0 | 1500 | ५३,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज ८ गते (25th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १११८०० | प्रति तोला - १११२५० | प्रति तोला - १३९५ |



**पूजा सामग्रीको अस्थायी पसल** | धनुषाको क्षिरेश्वरनाथ नगरपालिकाको महेन्द्रनगर बजारमा आज (सोमबार) मनाउन लागिएको विश्वकर्मा पूजाका लागि चाहिने पूजाका सामग्री बिक्रीका लागि थापिएका अस्थायी पसलहरू । *तस्वीरः अजयकुमार साह/रासस*

## तनहुँ जलविद्युत् आयोजनाः

# प्रसारणलाइन निर्माणमा ढिलाइ

■ **कृष्ण न्यौपाने**

**दमौली (तनहुँ)**– तनहुँमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको प्रसारणलाइन निर्माण नीतिगत समस्याका कारण ढिलाइ भएको छ । वन मन्त्रालयसँग देखिएको समस्याका कारण सो आयोजनाको प्याकेज-३ अन्तर्गतको काममा ढिलाइ भएको हो ।

प्रसारणलाइन निर्माणका लागि २०७७ असोजदेखि काम सुरु भएको थियो । यो प्याकेजको ठेक्का भारतीय कम्पनी केइसीले पाएको छ । यो प्याकेजको हालसम्म ६९ प्रतिशत काम सम्पन्न भएको तनहुँ जलविद्युत् आयोजनाका प्रमुख राजभाइ शिल्पकारले जानकारी दिए । उनले भने, 'वन मन्त्रालयसँग सम्बन्धित केही समस्या अझै समाधान भएका छैनन्, ऊर्जा मन्त्रालयमार्फत वन मन्त्रालयमा समस्या समाधानका लागि पठाएका छौं ।' विनाअवरोध काम गर्न पाएको भए यो खण्डमा हालसम्म ८५ प्रतिशत काम भइसक्ने उनको भनाइ छ ।

उनका अनुसार प्रसारणलाइन निर्माणका लागि ६९ टावरको जग हाल्ने कार्य सकिएको छ । त्यस्तै ३३ टावर जडान सकिएको छ भने १२ टावरको जग संरक्षण सम्पन्न भएको छ । त्यस्तै हालसम्म ०.९८८३ किलोमिटर तार तान्ने काम सकिएको छ । उनका अनुसार एक स्थानमा जग हाल्ने काम भइरहेको छ । उनले भने, 'प्याकेज-१ र २ सँगै प्याकेज-३ को प्रसारणलाइन निर्माणले तीव्रता पाएको छ ।'

प्याकेज-३ अन्तर्गत केइसी इन्टरनेसनल भारतले दमौलीबाट चितवनको भरतपुरसम्म २२० केभीको ३६ किलोमिटर 'डबल सर्किट' प्रसारणलाइन निर्माण गरिरहेको छ ।

प्रसारणलाइन निर्माण सन् २०२२ मे सम्म सम्पन्न गर्ने लक्ष्य राखिएकामा कोभिड-१९ को महामारी र वन क्षेत्रको रुख कटानको स्वीकृति वन मन्त्रालयबाट प्राप्त हुन ढिलाइ हुँदा सम्झौताको म्याद सन् २०२४ डिसेम्बर १९ सम्म थप गरिएको छ । प्रसारणलाइन निर्माणका लागि कूल ५९ कित्ता (२३ रोपनी पाँच आना) जग्गा अधिग्रहण गरिनेछ । तनहुँतर्फ व्यास नगरपालिका-१३ र १४, बन्दीपुर गाउँपालिका-६, आँबुखैरेनी गाउँपालिका-६, देवघाट गाउँपालिका-४ र ५ भित्र पर्ने जग्गा अधिग्रहण गरिनेछ ।



निर्माण सुरु भएको चार वर्षको अवधिमा आयोजनाले तीनवटा प्याकेजमा ४३ प्रतिशत प्रगति हासिल गरेको छ । तनहुँ जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनी तनहुँ हाइड्रोपावर लिमिटेडका प्रबन्ध सञ्चालक किरणकुमार श्रेष्ठका अनुसार प्याकेज-१ अन्तर्गत बाँध निर्माणमा २५ प्रतिशत, प्याकेज-२ अन्तर्गत विद्युत्गृह निर्माणमा ४५ प्रतिशत र प्याकेज-३ अन्तर्गत प्रसारणलाइन निर्माणमा ६९ प्रतिशत भौतिक प्रगति भएको छ ।

आयोजनाको पहिलो प्याकेजअन्तर्गत १४० मिटर अग्लो बाँधलगायतका संरचना सोङ दा कर्पोरेसन, भियतनाम-कालिका कन्स्ट्रक्सन प्रालि नेपाल जेभीले निर्माण गरिरहेको छ । जसअन्तर्गत अहिले मुख्य बाँध निर्माणका लागि नदी फर्काउनका लागि आवश्यक डाइभर्सन सुरुङहरू, बाँधको माथिल्लो भाग तथा स्लोप खन्ने कार्य, प्रवेश सडकको स्तरोन्नतिलगायतका काम भइरहेको आयोजना प्रमुख राजभाइ शिल्पकारले जानकारी दिए ।

आयोजनाको सुरुङ, विद्युत्गृह निर्माण र हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायतका दोस्रो प्याकेजको निर्माण सिनो हाइड्रो, चीनले गरिरहेको छ । आयोजनाको समग्र निर्माण २०८३ असारभित्र सक्ने लक्ष्य राखिएको छ । आयोजनाको प्याकेज-१ अन्तर्गत हेडवर्क्स निर्माणका लागि सोङ दा कर्पोरेसन, भियतनाम कालिका कन्स्ट्रक्सन प्रालि नेपाल जेभीसँग २०७७ चैत ९ गते २१ अर्ब ६६ करोड ४० लाख ४१ हजार रूपैयाँमा खरिद सम्झौता भएको थियो ।

यो प्याकेजअन्तर्गत मुख्य बाँध निर्माणका लागि नदी फर्काउन आवश्यक पर्ने डाइभर्सन सुरुङ-१ र २ को निर्माणकार्य जारी रहेको आयोजनाले जनाएको छ । दुवै डाइभर्सन सुरुङको इनलेट र आउटलेटबाट खन्ने काम भइरहेको आयोजनाले जनाएको छ । बाँधको माथिल्लो भागको स्लोप खन्ने कामअन्तर्गत हालसम्म इलिभेसन तह ५४४ मिटरबाट ४८० मिटरसम्म खन्ने काम सम्पन्न भइसकेको छ । यसैगरी बाँधको दायाँ किनारातर्फबाट माथिल्लो भागको स्लोप खन्नका लागि पहुँच सडक निर्माणकार्य सुरु गरिएकामा वर्षाका कारण प्रभावित भएको थियो । हालसम्म इलिभेसन तह ४७० मिटरसम्म खन्ने काम सकिएको आयोजनाले जनाएको छ । *रासस*

## संसदीय समितिको निर्देशन

# चिनी आयातमा भन्सार छुट देऊ

■ **प्रभाव संवाददाता**

**काठमाडौं**– संसद्को उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले चिनी आयातमा कर तथा भन्सार छुटको सहमति प्रदान गरिदिन अर्थ मन्त्रालयलाई निर्देशन दिएको छ । समितिको आइतबारको बैठकले चाडपर्वमा चिनीको अभाव हुन नदिन वाणिज्य मन्त्रालयबाट माग भएको ५० हजार मेट्रिकटन चिनी मूल्य अभिवृद्धि कर छुट तथा एक प्रतिशत भन्सार महसुल लिने गरी आयातको सहमति उपलब्ध गराउन निर्देशन दिएको हो ।

यसअघि वाणिज्य मन्त्रालयले ५० हजार मेट्रिकटन चिनी आयातका लागि भन्सार महसुल छुटको सहमति प्रदान गर्न अर्थ मन्त्रालयसँग आग्रह गरेको थियो । तर अर्थ मन्त्रालयले २० हजार मेट्रिकटन चिनी आयातका लागि ५० प्रतिशतमात्र भन्सार महसुल छुट दिनेगरी आयातको सहमति प्रदान गरेको वाणिज्य मन्त्रालयका सचिव मधुकुमार मरासिनीले जानकारी दिए ।

नजिकिँदै गरेका चाडपर्वका समयमा चिनी, चामल र गहुँलगायतका अत्यावश्यक वस्तुको अभाव हुन नदिन र मूल्य नियन्त्रण गरी 'कार्टेलिङ' प्रणालीलाई निरुत्साहित गर्दै सहज आपूर्ति व्यवस्था मिलाउन र सहुलियत मूल्यमा बिक्री वितरण गर्न वाणिज्य मन्त्रालयबाट सहमति माग गरिएको विषय कार्यान्वयन नभएको विषयमा ध्यानाकर्षण भएको समितिका सभापति अब्दुल खाँनले जानकारी दिए ।

बैठकले उपभोग्य वस्तमा हुने मिसावट, कृत्रिम अभाव, कालोबजारी, गैरकानुनी भण्डारण, अस्वभाविक मूल्यवृद्धिजस्ता अनियमित गतिविधि रोक्न उपभोग्य वस्तुको बजार अनुगमन गर्ने कार्यका लागि पर्याप्तमात्रामा जनशक्ति र स्रोतसाधनको व्यवस्था गरी अनुगमनलाई प्रभावकारी बनाउन उद्योग मन्त्रालयलाई निर्देशन दिएको छ । समितिले देशमा विभिन्न स्थानमा सुपथ मूल्य पसल खोली उपभोक्तालाई सुपथ, सस्तो र गुणस्तरीय उपभोग्य सामान उपलब्ध हुने व्यवस्था मिलाउन पनि उद्योग मन्त्रालयलाई निर्देशन दिएको छ ।

बैठकले दैनिक प्रयोग हुने खाद्यवस्तु नुन, चिनी, चामल, दाल, तरकारी, तेल, दूध, पानी र औषधिलगायतका उपभोग्य वस्तुमा दसैं तिहार तथा छठ पर्वलाई लक्षित गरी हुने कालोबजारी, मूल्यवृद्धि, मिसावट, कृत्रिम अभावलगायत विषयमा समितिले स्थलगत अनुगमन गर्ने निर्णयसमेत गरेको छ । उक्त अनुगमनका लागि सभापतिको नेतृत्वमा चार समिति सदस्य र दुई कर्मचारी रहेको अनुगमन टोली गठन गर्ने बैठकको निर्णय छ ।

समितिको बैठकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मधुकुमार मरासिनीले चाडवाडको मुखमा चिनीको अभाव हुन नदिन भारतबाट चिनी आपूर्तिका लागि पत्राचार गरिएको बताए । नेपाली बजारमा तीन लाख मेट्रिकटन चिनीको माग भए पनि उत्पादन दुई लाख ६० हजार मेट्रिकटनमात्र रहेको छ ।

'चिनीको अभाव हुन नदिन ५० हजार मेट्रिकटन चिनी उपलब्ध गराइदिन भारतसँग पत्राचार गरिएको छ, भारतीय पक्षबाट नेपालले माग गरेअनुसारको चिनी उपलब्ध गराइदिने जानकारी आएको छ,' उनले भने ।

अर्थ मन्त्रालयले २० हजार मेट्रिकटन चिनी आयातका लागि भन्सार महसुलमा ५० प्रतिशत छुट दिएको उनले जानकारी दिए । सरकारले चिनीको आयातमा ३० प्रतिशत भन्सार महसुल लगाउँदै आएको छ । दश हजार मेट्रिकटन चिनी साल्ट ट्रेडिङ कर्पोरेसन र १० हजार मेट्रिकटन चिनी खाद्य व्यवस्था तथा व्यापार कम्पनीबाट आयात गर्ने सरकारको तयारी छ ।

राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले दैनिक उपभोग्य वस्तुको आपूर्तिको स्थिति सहज भए पनि बजारको स्थिति डामाडोल रहेको बताए । 'कुनै कुराको अभाव छैन, तर मूल्य हेर्‍यो भने अस्वाभाविक मूल्यवृद्धि भएको छ, अनावश्यक ढंगले महँगो बनाइएको छ,' उनले भने ।

बैठकमा सदस्यहरूले चिनीको माग, उत्पादन र आपूर्तिको एकीकृत तथ्यांक राख्न, उखु किसानका समस्या समाधान गर्न, चिनी उत्पादनमा आत्मनिर्भर हुने योजना ल्याउन तथा बजार अनुगमनलाई तीव्र पार्नुपर्नेमा जोड दिएका थिए ।

# सेनाको पम्पमा हिमालयन बैंकको डिजिटल भुक्तानी काउण्टर



काठमाडौं (प्रस)- हिमालयन बैंक लिमिटेडले भद्रकालीस्थित रिपुमर्दिनी पेट्रोल स्टेसनमा डिजिटल भुक्तानी काउण्टर सञ्चालनमा ल्याएको छ । बैंकले सैनिक कल्याणकारी कोषद्वारा सञ्चालित उक्त पेट्रोल स्टेसनमा गत बुधबारदेखि डिजिटल भुक्तानी काउन्टर सञ्चालनमा ल्याएको हो ।

बैंक र पेट्रोल स्टेसनबीच भएको सम्झौताअनुसार पेट्रोल स्टेसनमा आउने ग्राहकको सुविधालाई मध्यनजर गर्दै उक्त काउन्टर सञ्चालनमा ल्याइएको बैंकले जानकारी दिएको छ ।

उक्त पेट्रोल स्टेसनमा स्थापना गरिएको सो काउन्टरमा ग्राहकले विभिन्न बैंकको मोबाइल बैंकिङ एपमा रहेको 'नेपाल पे' क्युआर तथा सबै बैंकबाट जारी भएको एटिएम कार्डमार्फत पिओएस मेसिनबाट सहजै भुक्तानी गर्न सक्ने बताइएको छ । भुक्तानी प्राप्त भएपश्चात् नै भ्वाइस मेसिन तथा एसएमएसमार्फत क्रेता तथा बिक्रेताले भुक्तानीसम्बन्धी जानकारी प्राप्त गर्नेछन् ।

# ४२.१४ अंकले घट्यो नेप्से

काठमाडौं (प्रस)- साताको पहिलो कारोबार दिन आइतबार सेयरबजारमा उच्च अंकको गिरावट आएको छ । आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ४२.१४ अंकले घटेको हो । यससँगै नेप्से परिसूचक एक हजार ९६४.९१ बिन्दुमा ओर्लिएको छ ।

आइतबार २७८ कम्पनीको ५६ लाख ५९ हजार ४५८ कित्ता सेयर ७२ हजार ४७७ पटक खरिद-बिक्री हुँदा दुई अर्ब दुई करोड ८४ लाख ६५ हजार ६१० रूपैयाँ बराबरको कारोबार भएको छ ।

सबै समूहको उपसूचक घटेकोमा सबैभन्दा धेरै व्यापार समूहको उपसूचक ३.३३ र वित्त समूह ३.३० प्रतिशतले घटेको छ । बैंकिङ १.४२, विकास बैंक २.५९, होटल तथा पर्यटन ३.२९, जलविद्युत् २.७९ र लगानी समूहको उपसूचक १.९१ प्रतिशतले घटेको छ । त्यस्तै, जीवन बिमा समूहको उपसूचक २.९७, उत्पादन तथा प्रशोधन समूह १.६०, लघुवित्त १.८५, म्युचुअल फण्ड ०.३५, निर्जीवन बिमा २.५९ र अन्य समूह १.९९ प्रतिशतले घटेको छ ।

शुभम् पावर लिमिटेडको सेयर मूल्यमा आइतबार सकारात्मक सर्किट लागेको छ । मोलुङ हाइड्रोपावर कम्पनी लिमिटेडको सेयर मूल्य सबैभन्दा धेरै ९.२१ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा आइतबार सबैभन्दा धेरै एनआइसी एसिया बैंकको २७ करोड ५४ लाख ७३ हजार ७२ रूपैयाँ बराबरको सेयर किनबेच भएको छ । कारोबार भएका सेयर संख्याका आधारमा भने रिलायवल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडको चार लाख ८७ हजार १८६ कित्ता सेयर खरिद-बिक्री भएको छ ।

# सिटिजन्स बैंकका सेयरधनीलाई ५.७९ प्रतिशत लाभांश प्रस्ताव

**काठमाडौं (प्रस)**– सिटिजन्स बैंक इन्टर नेसनल लिमिटेडले आफ्ना सेयरधनीहरूका लागि लाभांश प्रस्ताव गरेको छ । बैंकको आइतबार बसेको सञ्चालक समितिको बैठकले आर्थिक वर्ष २०७९/८० को मुनाफाबाट वितरण गरिने लाभांश प्रस्ताव गरिएको हो ।

बैठकले सेयरधनीहरूलाई गत आवको मुनाफाबाट ५.७९ प्रतिशत लाभांश दिने प्रस्ताव स्वीकृत गरेको जानकारी दिइएको छ । सञ्चालक समितिको बैठकले प्रस्ताव




गरेअनुसार आ.व. २०७९/८० को वितरणयोग्य मुनाफाबाट २०८० असार मसान्तको चुक्ता पुँजी १४ अर्ब २० करोड नौ लाख ७४ हजार रूपैयाँको ५.७९ प्रतिशतले हुने ८२ करोड २१ लाख ६१ हजार ६५२ रूपैयाँ नगद लाभांश दिने प्रस्ताव गरिएको छ । प्रस्तावित लाभांश नेपाल राष्ट्र बैंकले स्वीकृति तथा बैंकको आगामी वार्षिक साधारणसभाले पारित गरेपछि सेयरधनीहरूलाई वितरण गरिने बैंकले जानकारी दिएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**ः एक्सप्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं-७, सिफल, नेपाल फोन नं.ः ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्णबहादुर कार्की, **सम्पादक**ः विष्णु तामाङ